# परिच्छेद- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया पाठ्यपुस्तक भन्नाले पाठ्यक्रममा निर्दिष्ट गरिएका उद्देश्यहरु पुरा गर्नको लागि प्रयोगमा ल्याइने शिक्षण सामाग्री हो । यसर्थ पाठ्यपुस्तक विषयवस्तु सम्बन्धी तथ्यको संग्रह हो । अर्थात् कुनै खास कक्षा वा लक्षित समूहका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु एवं पाठ्यवस्तुहरु र तिनको क्षेत्र र क्रम तथा व्यापकता र गहिराइ अनुरुपको उपयोगी एवं सान्दर्भिक ज्ञान, सीप एवं अनुभवहरु प्रदान गर्न कुनै व्यक्ति वा संस्थाको सामूहिक प्रयासबाट पाठ्यक्रमको आधारमा तयार गरिएको पाठ्यसामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापमा सरलता एवं सहजता आओस् भन्ने उद्देश्यले पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ ।

राष्ट्र र प्रजातन्त्र प्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ, स्वाबलम्बी एवं चरित्रवान नागरिक तयार गर्ने उद्देश्य नि.मा. तहको सामाजिक शिक्षासँग सम्बन्धित उद्देश्य हो । विद्यार्थीहरुमा सामुदायिक भावना विकसित होस्, मुलुकको आफ्नो वास्तविक विकासका पूर्वाधारहरु बुझ्न, आफ्ना परम्परागत मूल्य र मान्यतासँग परिचित भइ एक लगनशिल, कर्तव्यनिष्ठ, इमान्दार नागरिक बनुन् र विश्वको भूगोल तथा इतिहासको संक्षिप्त जानकारी लिन सकुन्, विश्व परिस्थितिको नयाँ मोडहरुलाई जान्न सकुन्, विश्वमा विकसित विज्ञान र प्रविधिबाट मानव समाजमा परेका प्रभावहरु र एक आपसको अन्तरसम्बन्धले उनीहरुको व्यवहारमा सुधार ल्याइ त्यस्ता विद्यार्थीहरुबाट मुलुकको विकासमा टेवा पुगोस् भन्ने उद्देश्य राखेर नि.मा. तहमा सामाजिक अध्ययन विषयलाई अनिवार्य विषयका रुपमा राखिएको छ ।

शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्ति गर्न राष्ट्रिय पाठ्यक्रमको निर्माण गरिन्छ र पाठ्यक्रमको आधारमा शिक्षाका विषयगत उद्देश्यहरु प्राप्त गर्न पाठ्यपुस्तकको निर्माण गरी बृहत भौगोलिक क्षेत्रमा समेत लागु गरिएको हुन्छ । पाठ्यपुस्तक भित्र समावेश गरिने विषयवस्तुमा लैङ्गिक दृष्टिकोणबाट सन्तुलन कायम गरी शिक्षण सिकाइ प्रक्रियामा शिक्षकहरुलाई प्रभावकारी शिक्षणमा मार्गनिर्देशन गर्न, लक्षित समूहलाई बैध एवं प्रमाणिक ज्ञान प्रदान गर्न, विद्यार्थीमा स्वअध्ययनको बानी बसाल्न, सस्तो र सुलभ ढंगबाट नागरिकहरुलाई ज्ञान एवं अनुभव प्रदान गर्न, सम्बन्धित विषयको ज्ञान एवं धारणाहरुलाई सिकारु समक्ष सरल ढंगले प्रस्तुत गर्न, आवश्यकता अनुसार सिकाइ प्रक्रिया, शैक्षिक सामग्री तथा मूल्याङ्कन विधिको प्रयोग गर्न, विद्यार्थीहरुलाई विषयवस्तुको संगठित ज्ञान प्रदान गर्न पाठ्यपुस्तक निर्माण गरिने हुँदा पाठ्यपुस्तक भित्र समावेश गरिने यस्ता विषयवस्तु, धारणा, अभ्यास, चित्र, शब्दावली आदिलाई लैङ्गीक समानताका दृष्टिकोणबाट समावेश गरिनुपर्दछ । के पढाउने, किन पढाउने, कति पढाउने, कसरी पढाउने, कुन कुन शैक्षिक सामग्री प्रयोग गर्ने भन्ने सवालमा उत्पन्न हुने दुविधाहरु कम

गरी सिकारुहरुलाई लैङ्गीक समानताका आधारमा बैध एवं विश्वसनीय ज्ञान प्रदान गर्न पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुको महत्वपूर्ण भूमिका हुन्छ ।

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (सन् २००१-२०१५) मा सन् २०१५ सम्ममा सबै बालबालिकाहरु विशेष गरी कठिन परिस्थितिमा परेका बालबालिका एवं अल्पसंख्यक जनजाति भित्र पर्ने बालबालिकाहरुका लागि निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षामा पहुँच र गुणस्तरीयता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । त्यसैगरी उक्त योजनामा सन् २००५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा रहेको लैङ्गीक असमानता हटाइ सन् २०१५ सम्ममा गुणस्तरयुक्त आधारभूत शिक्षाको उच्च उपलब्धिप्रति बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गर्ने तर्फ ध्यान केन्द्रित गरी शिक्षामा लैङ्गिक समानता हासिल गर्ने कुरा उल्लेख गरिएको पाइन्छ (बलाएर, २०६५ : ३१) । नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा पनि लैङ्गिक असमानता झल्काउने विषयवस्तु समावेश गरिएको पाइन्छ । तसर्थ शिक्षामा लैङ्गिक समानता हासिल गर्ने लक्ष्य प्राप्ति गर्न नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा रहेका लैङ्गिक असमानता झल्काउने विषयवस्तु परिमार्जन गरी लैङ्गिक सन्तुलन कायम गराउने विषयवस्तु समावेश गरिनुपर्दछ ।

### १.१.१ सामाजिक अध्ययनको ऐतिहासिक पृष्ठभूमि

सामाजिक अध्ययन विषयको सुरुवात सर्वप्रथम अमेरिकाबाट भएको हो । प्रथम विश्वयुद्ध पश्चात यो विषय लोकप्रिय बन्दै गएको पाइन्छ । अमेरिकी विद्यालयमा सन् १९२० देखि १९५५ को समयलाई सामाजिक ज्ञानको युग भनिन्छ । त्यसबेला सामाजिक विषय अन्तर्गत इतिहास, अर्थशास्त्र तथा राजनीतिशास्त्र मात्र समावेश थिए । सन् १९८२ मा यसलाई सामाजिक ज्ञान भनि नामाकरण गरियो । तापनि सन् १९९६ सम्म पनि यसले मान्यता पाएन । सन् १९९६ मा Committee on the social studies of the National Education association for the organizational of secondary education को प्रतिवेदनले यस विषयलाई छुट्टै विषयका रुपमा मान्यता दियो (आचार्य, २०५९: १८) ।

नेपालको सन्दर्भमा सामाजिक अध्ययनलाई विभिन्न कालखण्डमा विभिन्न रुपले अध्ययन अध्यापन गराउँदै आएको पाइन्छ । बैदिक कालमा पाठ्यक्रम र पाठ्यपुस्तकको सुव्यवस्थित विकास नभए पनि धर्मग्रन्थ, दर्शनशास्त्र, नीतिशास्त्र, व्याकरण, न्याय, ज्योतिस, वेद, आदि ब्राम्हणको लागि पढाइन्थ्यो भने क्षेत्रीका लागि युद्धकला, दण्डनीति, राजनीतिशास्त्र, धर्मशास्त्र आदि पढाइन्थ्यो । मल्लकालमा पनि लिच्छवि र मल्ल शासकहरुले प्राचिनकालको गुरुकुल प्रणालीको संस्कृत शिक्षा र बौद्ध शिक्षा प्रचलित भएको पाइन्छ । त्यसबेला शिक्षामा वेद, व्याकरण, साहित्य र ज्योतिष, दर्शनशास्त्र, धर्मशास्त्र, नीतिशास्त्र, कलासंगीत र साहित्यको विकास भएको पाइन्छ । यसर्थ यसबेला पनि सामाजिक शिक्षा भनेर नदिए पनि सामाजिक शिक्षाका विषयवस्तुहरु समावेश भएको कुरा थाहा पाउन सकिन्छ (अधिकारी र पौडेल, २०६६/०६७) ।

आधुनिक कालमा पनि परम्परागत बैदिक संस्कृत शिक्षा र बौद्ध शिक्षा चलि आए पनि पृथ्वीनारायण शाहले नैतिक शिक्षाको सुरुवात गरेको पाइन्छ । त्यसबेला पनि पाठ्यक्रमको व्यवस्थित रुप नभइकन विषयवस्तु र पाठ्यपुस्तक नै पाठ्यक्रमको रुपमा लिइन्थ्यो । वि.सं. १९१० मा जंगबहादुरले बेलायत भ्रमण पश्चात त्यहाँको शिक्षाबाट प्रभावित भएर अंग्रेजी स्कुल खोले । यो भारतीय पाठ्यक्रममा आधारित भएता पनि सामाजिक शिक्षाको समावेश भएको कुरा इतिहासले देखाउँछ (अधिकारी र पौडेल, २०६६/०६७) ।

वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात शिक्षालाई पनि समाज अनुकूल बनाउनको लागि नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०१० साल चैत्र ९ गते गठन गरिएको थियो । २०११ सालको राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनमा उल्लेख भए अनुसार स्थापना भएको कलेज अफ एजुकेशनको पाठ्यक्रममा सामाजिक शिक्षा विषय समावेश भए पनि यसको वास्तविक कार्यान्वयन २०१७ सालदेखि प्राथमिक शिक्षा पाठ्यक्रममा भएको पाइन्छ । हुनत मा.वि. तहमा १९९० सालको एस.एल.सी. पाठ्यक्रममा सामाजिक शिक्षा अन्तर्गत इतिहास र भूगोल जस्ता सामाजिक विज्ञानका विषयहरु समावेश गरिएका थिए । विद्यालयहरुमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ अनुसार केहि संशोधन गरी लागु भएता पनि रा.शि.प.यो. २०२८ ले नै सामाजिक शिक्षा विषयलाई व्यवस्थित बनाउने काममा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । रा.शि.प.यो. २०२८ ले प्रा.वि. तथा नि.मा.वि. का लागि १०० पूर्णाङ्कको सामाजिक शिक्षा अनिवार्य विषयका रुपमा राखेको थियो । त्यसबेला देखि नै प्रा.वि. र नि.मा.वि. तहमा अनिवार्य विषयका रुपमा सामाजिक शिक्षा विषय पठनपाठन भएको पाइन्छ तर मा.वि. तहमा भने पाठ्यक्रम कार्यान्वयन योजना २०३८ पछि सामाजिक विषयलाई अनिवार्य समूहबाट हटाएर ऐच्छिक समूहमा राखिएको थियो । तर २०५६ श्रावणदेखि लागु माध्यमिक शिक्षा पाठ्यक्रमले भने पुनः सामाजिक अध्ययनलाई अनिवार्य विषयका रुपमा अध्ययन गराउने काम भएको पाइन्छ । वर्तमान नि.मा. पाठ्यक्रम २०५० परिमार्जन गरी २०५८ सालदेखि लागु भएकोमा यसमा पहिलाको पाठ्यक्रम भन्दा अझ विस्तृत र व्यापक रुपमा संगठित गरिएको पाइन्छ । यसमा सामाजिक विज्ञानका विविध विषयहरुलाई समन्वयात्मक र एकीकृत रुपमा प्रस्तुत गर्ने कार्य भएको छ । उक्त पाठ्यक्रममा समसामयिक परिमार्जन गरेर २०६४ सालमा पुनः परिमार्जन भएको पाइन्छ (अधिकारी र पौडेल, २०६६/०६७) । यसरी नै सामाजिक अध्ययन शिक्षा पाठ्यक्रमको विकाससँगै पाठ्यपुस्तकको पनि विकास हुँदै आएको पाइन्छ ।

### १.१.२ लैङ्गिक अवधारणा र पाठ्यपुस्तक

लैङ्गिकलाई नेपालीमा सामाजिक लिङ्ग भनेर बुझिन्छ । हाम्रो परिवार, समाज र संस्कृतिले बनाएका महिला र पुरुषका भूमिकाहरु र जिम्मेवारीहरुलाई लैङ्गिक भनिन्छ । यी भूमिकाहरु सामाजिकीकरणमा आधारित हुन्छन् । त्यसैले लैङ्गिकताको अवधारणा देश, काल, परिस्थिति, संस्कृति र वर्ग अनुसार परिवर्तन भइरहन्छ । लैङ्गिक भन्ने वित्तिकै : महिलाको भूमिका, पुरुषको भूमिका, महिला र

पुरुषको भूमिका बिचको सम्बन्ध, परिवर्तित समय र संस्कृतिमा तिनीहरुको भूमिका परिवर्तन जस्ता चारवटा तत्वहरु समावेश भएका हुन्छन् (पाण्डे, २०६६ : ९३) ।

महिला र पुरुष बीच रहेको सामाजिक भिन्नता नै लैङ्गिक हो (बलाएर, २०६६) । लैङ्गिक भिन्नताको कुरा गर्दा समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोतसाधन दिन्छ ? उनीहरुमा कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ ? कस्ता कस्ता संस्कार सिकाउछ ? महिला र पुरुषप्रति कस्तो दृष्टिकोण राख्छ ? यी विषयहरु हेरिनुपर्दछ । लैङ्गिक समानताले समाजमा शिक्षा, स्वास्थ्य, रोजगार, आय तथा विज्ञान र प्रविधिका पक्षमा असमान पहुँच रहेकाले त्यसलाई हटाउनुपर्छ र परम्परादेखि रहँदै आएको लैङ्गिक सम्बन्ध, व्यवहार र भूमिकामा परिवर्तन गरी महिला र पुरुष बीच समान किसिमको अधिकार र पहुँच हुनुपर्दछ भन्ने मान्यता राख्दछ (बराल, २०६६) । लैङ्गिक समानताले सामाजिक न्यायलाई जोड दिन्छ । जबसम्म सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक रुपमा महिलाहरुले कार्य गर्ने वातावरण पाउँदैनन् र उनीहरुको अवस्था अनुरुप अवसर दिइदैन तबसम्म समान अधिकार दिएर पनि समान किसिमले उपभोग र परिचालन गर्न सक्दैनन् । त्यसैले यस्ता अवसरहरुको सदुपयोग गर्न उनीहरुको क्षमतामा सशक्तिकरण गरिनुपर्दछ भन्ने मान्यता यसले राख्दछ (ढुङ्गाना, २०६५) । त्यसैले विद्यालय तहका पाठ्यपुस्तकहरुमा पनि लैङ्गिक असमानता झल्काउने विभिन्न चित्र, विषयवस्तु तथा शब्दावलीहरुलाई परिमार्जन गरी लैङ्गिक समानता कायम गराउनु आजको आवश्यकता हो । महिला र पुरुष मिलेर समाज बन्दछ । समाजमा प्रत्येक व्यक्तिहरुमा तिनमा रहेका जैविक विशेषताका आधारमा महिला वा पुरुष भनेर छुट्याउन सकिन्छ । व्यक्तिमा रहेको मौलिक, जैविक विभिन्नताका आधारमा जब महिला र पुरुष भनेर छुट्याइन्छ भने यो नै लिङ्ग हो । जैविक विशेषताका आधारमा लिङ्ग निर्धारण हुन्छ । जैविकीय विशेषताका आधारमा निर्धारण भएको लिङ्ग (Gender) सामाजिक सांस्कृतिक व्यवस्थाबाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई के गर्ने, के नगर्ने भनेर पद तथा भूमिका निर्धारण गरिदिएको हुन्छ । त्यसैले सामाजिक लिङ्गको निर्धारण कुनै जैविक विशेषता नभइ सामाजिक, सांस्कृतिक व्यवस्थालाई आधार मानेर महिला र पुरुषको भूमिका निर्धारण गरिएको हुन्छ ।

लैङ्गिक समानता आजको आवश्यकता हो । लैङ्गिक समानताले कुनै पनि व्यक्तिले अरुको भन्दा पहुँच, स्रोत, फाइदाहरु तथा मानव अधिकारमा समानताका आधारमा कमि हुन नहुने धारणा राख्दछ । त्यसकारण महिला र पुरुषको स्रोत तथा फाइदाहरु, राजनीतिक संलग्नता र निर्णय निर्माण, लाभप्रद रोजगारी आदिमा पहुँच र नियन्त्रण माथि समान अधिकार रहन्छ । लैङ्गिक समानता महिला र पुरुष बीचको समानताको अवस्था हो । भूमिकाको विकास र खोजी गर्न पाउने स्वतन्त्रता महिलाको अधिकार हो । जहाँ महिला र पुरुषका फरक व्यवहार, आकाङ्क्षा र आवश्यकताहरुलाई समान रुपमा मूल्य मान्यता र रोजाइ प्रदान गरिन्छ । यसले महिला र पुरुष एकै हुनुपर्छ भन्ने अर्थ नदिएर तिनीहरु बिच अधिकार, उत्तरदायित्व र अवसरहरुलाई उनीहरुका बीच विभेद गरिनु हुँदैन भन्ने मान्यता अगाडि

सार्दछ । समानताले महिलाको भूमिका र जिम्मेवारीलाई समान मूल्य दिन्छ, जसबाट लैङ्गिक पूर्वाग्रहका अड्चनहरु तोडिन्छन् । फलस्वरुप महिला र पुरुष समाज भित्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक रुपमा योगदान दिन र फाइदा पाउन समान रुपमा सक्षम हुन्छन् (ढुङ्गाना, २०६५) । त्यसैले निम्न माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकमा पनि लैङ्गिक समानताका दृष्टिकोणले विषयवस्तु समावेश गरे महिला र पुरुषले आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक रुपमा समान फाइदा पाउन सक्छन् ।

निम्न माध्यमिक तहका विद्यार्थीहरुका सन्दर्भमा वर्तमान अवस्था के छ भनि खोज गर्दा छात्र र छात्रा विद्यार्थीहरु बिचमा फरक अवस्था पाइन्छ । विद्यालय तहको शैक्षिक तथ्याङ्क (२०६६) का अनुसार निम्न माध्यमिक तहमा भर्ना भएका कुल विद्यार्थी संख्याको ४८.२ प्रतिशत छात्रा छन् भने कुल विद्यार्थी संख्यामा छात्राको अनुपात ४९.२ प्रतिशत रहेकोमा सामुदायिक विद्यालयतर्फ ४९.० प्रतिशत र संस्थागत विद्यालय तर्फ ४२.९ प्रतिशत रहेको पाइन्छ । यसले छात्राको सहभागिता संस्थागतको तुलनामा सामुदायिकमा उच्च देखाउँछ । अपाङ्गताको सन्दर्भमा नि.मा. तहमा भर्ना भएका जम्मा विद्यार्थीमा अपाङ्ग विद्यार्थीले ०.५ हिस्सा ओगट्छ भने यसमा छात्राको प्रतिशत ०.८ रहेको छ । नि.मा. तहको सहजै देखिने भर्ना दर ८०.१ प्रतिशतमा छात्रा भर्ना ७९.० प्रतिशत रहेको छ भने खुद भर्नादर ५७.३ प्रतिशत रहेकोमा छात्रा भर्ना ५६.६ प्रतिशत रहेको छ (शिक्षा विभाग, २०६६) ।

सबै किसिमका विद्यालयहरुमा महिला शिक्षकको अनुपात प्रा.वि. तहमा ३८.६ प्रतिशत, नि.मा. तहमा २४.७ प्रतिशत र माध्यमिक तहमा १५.९ प्रतिशत रहेको छ । यसले पनि के देखाउँछ भने महिला र पुरुष शिक्षक बिचमा असमानताको खाडल रहेको छ । सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५), सहस्राब्दी विकासका लक्ष्यहरु, नेपालको दिगो विकास सम्बन्धी एजेण्डा २०१७ र दशौं योजनामा उल्लेखित लैङ्गिक असमानता हटाउने लक्ष्य २००५ सम्म प्राप्त हुनुपर्नेमा हालसम्म पनि लैङ्गिक असमानता हटाउन नसकिएको तथ्य देखाएको छ (शिक्षा विभाग, २०६६) । तसर्थ विद्यालय तहमा लैङ्गिक समानता कायम गर्न पाठ्यपुस्तकमा भएका लैङ्गिक असमानता झल्काउने विषयवस्तु, चित्र, शब्दावली, अभ्यास आदिलाई परिमार्जन गरी पाठ्यपुस्तक पनि लैङ्गिक समानताका दृष्टिले निर्माण गर्नुपर्दछ ।

### १.१.३ अध्ययन क्षेत्रको परिचय

यस अध्ययन कार्यलाई संचालन गर्न अध्ययन क्षेत्रको रुपमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा रहेका ५ वटा जिल्लाहरु मध्ये हिमाली जिल्लामा पर्ने बझाङ्ग जिल्लालाई छनोट गरिएको छ । कुल क्षेत्रफल ३,४२२ वर्ग कि.मि. रहेको बझाङ्ग जिल्लाको पूर्वमा बाजुरा र हुम्ला जिल्ला, पश्चिममा बैतडी र दार्चुला, उत्तरमा हुम्ला र चीनको स्वसाशित क्षेत्र तिब्बत पर्दछ भने दक्षिणमा डोटी र अछाम जिल्ला रहेका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार यहाँको जम्मा जनसंख्या १,६७,०२६ रहेकोमा महिला ८६,३५० र पुरुष ८०,६७६ रहेका छन् । त्यस्तै यस जिल्लाको शैक्षिक स्थिति कुल साक्षरता ४६.४८ प्रतिशत मा महिला साक्षरता ३५.१७ प्रतिशत र पुरुष साक्षरता ५७.७९ प्रतिशत रहेको छ ।

विद्यालय विवरण हेर्दा उ.मा.वि. २५, मा.वि. ३४, नि.मा.वि. ५५, प्रा.वि. २६७, इङ्लिस बोर्डिङ स्कुल ९ र क्याम्पस ६ वटा रहेका छन् । बझाङ्ग जिल्लाको विद्यालय तहमा रहेको विद्यार्थी संख्यालाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. १.१**

**बझाङ्ग जिल्लामा संचालित विद्यालयहरुमा विद्यार्थीहरुको संख्या**

| शैक्षिक संस्था | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| उ.मा.वि. तह | ४५६ | १०८४ | १५४० |
| मा.वि. तह | १४९० | ३२५२ | ४७४२ |
| नि.मा.वि. तह | ३६२६ | ७४४५ | ११०७१ |
| प्रा.वि. तह | २७४८४ | ३२१८३ | ५९६६७ |

स्रोतः जि.शि.का बझाङ्ग, २०६५

लैङ्गिक दृष्टिकोणबाट हेर्दा बझाङ्ग जिल्लामा ठूलो असमानता रहेको पाइन्छ । बझाङ्ग जिल्लाको कुल साक्षरता ४६.४८ प्रतिशतमा महिला साक्षरता ३५.१७ प्रतिशत र पुरुष साक्षरता ५७.७९ प्रतिशत रहेको छ । विद्यालय प्रा.वि. देखि उ.मा.वि. सम्म छात्र र छात्रा विद्यार्थीहरु बिचको सहभागितामा एकदम ठूलो अन्तर रहेको छ । प्रा.वि. तहमा कुल विद्यार्थीको ४६.०६ प्रतिशत, नि.मा. तहमा ३२.७५ प्रतिशत, मा.वि. तहमा ३१.४२ र उ.मा.वि. तहमा २९.६१ प्रतिशत छात्रा सहभागिता रहेको छ । यसले पनि के प्रष्ट पार्छ भने बझाङ्ग जिल्लामा लैङ्गिक असमानताको खाडल फराकिलो रहेको छ । यहाँका महिलाहरु पुरुषको तुलनामा आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, स्रोत र साधन माथिको पहुँच आदि हिसावले पछाडि रहेका छन् ।

## १.२ समस्याको कथन

लैङ्गिक असमानता आजको ज्वलन्त मुद्दाको रुपमा रहेको छ । प्रत्येक क्षेत्रमा लैङ्गिक समानता हुनु अपरिहार्य देखिन्छ । लैङ्गिक विभेदलाई पश्रय र उर्जा दिने कार्य पाठ्यक्रम तथा पाठ्यपुस्तकले पनि यदाकदा गरेको भेटिन्छ । हुन त शिक्षाविदहरुले त्यस्ता लैङ्गिक विभेदहरु पाठ्यपुस्तकबाट हटाउने दाबा गर्दछन् तर व्यवहारमा विद्यालयमा प्रयोग गरिने पाठ्यक्रम र पाठ्यपुस्तकमा लैङ्गिक विभेदलाई नै पश्रय दिइरहेको हुन सक्दछ । लैङ्गिक विभेदका विषयवस्तु, भाषा र चित्रको माध्यमबाट विद्यालयमा प्रसार भइरहेका छन् । यस मुद्दालाई अध्ययन गर्न नि.मा. तह अन्तर्गत सामाजिक अध्ययनको पाठ्यपुस्तकलाई अध्ययन गरेर हेर्दा त्यहाँ लैङ्गिक मुद्दाहरु भेटिन्छन् ।

शिक्षाका राष्ट्रिय उद्देश्य पुरा गर्न पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । पाठ्यक्रमको आधारमा पाठ्यपुस्तकको निर्माण गरिन्छ र पाठ्यपुस्तकले शिक्षाका विषयगत उद्देश्य प्राप्त गर्न महत्वपूर्ण शैक्षिक सामग्रीको भूमिका खेल्दछ । यस्तो महत्वपूर्ण शैक्षिक सामग्री नि.मा. तहको सामाजिक अध्ययन पाठ्यपुस्तकलाई लैङ्गिक दृष्टिकोणबाट हेर्दा त्यहाँ लैङ्गिक असमानता झल्काउने

विभिन्न तस्वीर, अभ्यास, विषयवस्तु थुप्रै रहेका छन् । सरकारले सन् २००५ सम्ममा विद्यालय तहको पाठ्यपुस्तकलाई लैङ्गिक असमानता हटाउने लक्ष्य लिएको थियो, सो लक्ष्य पुरा हुन सकेन । कतै उक्त लक्ष्य सन् २०१५ सम्ममा पनि पुरा नहुने त होइन भन्ने आशङ्का देखिन थालेको छ । शिक्षा कुनै विशेष एक वर्ग र लिङ्गको लागि मात्र नभएर सम्पूर्णको लागि आवश्यक छ । कुनै एउटा लिङ्ग विशेषले मात्र गुणस्तरीय शिक्षा प्राप्त गर्दैमा राज्यले लिएको सन् २०१५ सम्ममा सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने लक्ष्य अधुरै रहन्छ । त्यसैले लक्ष्य पुरा गराउन बाधा अड्चनहरुलाई हटाउँदै अगाडि बढ्नुपर्ने हुन्छ । नि.मा. तहको पाठ्यक्रम र शिक्षणमा महिला र पुरुष बिचको असमान खाल्टोलाई प्रमुख समस्याको रुपमा लिइ "निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण" सम्बन्धी अनुसन्धान कार्य गर्न निम्नानुसारका अनुसन्धान समस्याहरुको जवाफ खोजेको छ ।

क) के पाठ्यपुस्तक लैङ्गिक दृष्टिकोणबाट समान छ ?

ख) के पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरुले महिला र पुरुष बिचको व्यवहारलाई समान रुपमा प्रस्तुत गरेका छन् ?

ग) के पाठ्यपुस्तकमा प्रस्तुत विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट उचित छन् ?

घ) सामाजिक विषय अध्यापन गराउने शिक्षक, विद्यार्थीहरु र स्रोत व्यक्तिको लैङ्गिक दृष्टिकोणमा पाठ्यपुस्तक प्रति कस्तो धारणा छ ?

ङ) लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तकमा के के कमजोरी रहेका छन् ?

च) लैङ्गिक हिसावले पाठ्यपुस्तकमा भएका कमी कमजोरी सुधार गर्न के गर्नुपर्ला ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्यः लैङ्गिक दृष्टिकोणबाट निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकको विश्लेषण गर्नु रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न लिखित रहेका छन् :

क) नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा भएका लैङ्गिक समानता र असमानता विश्लेषण गर्नु ।

ख) पाठ्यपुस्तक भित्र लैङ्गिक आधारमा भएका कमि कमजोरी पहिल्याइ आवश्यक सुधारका उपायहरु पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा लैङ्गिक असमानता सामाजिक समस्याको रुपमा देखापरेको छ । यस्तो समस्यालाई रणनीति निर्माणका लागि सम्बन्धित पक्षले समस्याको गहिराइमा पुगी त्यसको वास्तविक अवस्थाको पहिचान गर्नुपर्ने हुन्छ । पाठ्यपुस्तकमा अझै पनि लैङ्गिक विभेद कायम रहेको विभिन्न अनुसन्धान तथा विज्ञहरुको भनाइबाट पुस्टी हुन्छ (योगी, २०६५: ४) । यस भनाइको विषयमा

यथार्थ पहिचान गर्न यो अनुसन्धान कार्य गरिएको थियो । यस अध्ययनले निम्नलिखित पक्षहरुलाई फाइदा पुग्न सक्ने विश्वास लिइएको छ ।

- पाठ्यक्रम निर्मातालाई लैङ्गिक समानताका आधारमा उद्देश्य निर्धारण गर्न तथा विषयवस्तुको चयन गर्न,
- लैङ्गिक विभेदसँग सरोकारवाला संघसंस्थाहरुका लागि,
- पाठ्यपुस्तक शिक्षण गर्ने शिक्षक स्वयंलाई आफ्नो शिक्षण गर्ने विषयवस्तुमा लैङ्गिक समानताको विषयमा पाठ्यपुस्तकमा के कस्ता कुराहरु समावेश गरिएका छन् भन्ने कुराको जानकारी लिन,
- लैङ्गिक दृष्टिकोणबाट निम्न माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययनबाट देशकै सम्पूर्ण विद्यालयको पाठ्यपुस्तकमा रहेका लैङ्गिक विभेदहरुको प्रतिनिधित्व गर्न सक्ने हुनाले सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग, शिक्षा निर्देशनालय, पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा सामग्री केन्द्र, नीति निर्माणकर्ता, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणकर्ता, प्रशासनिक व्यक्ति, शिक्षक, विद्यार्थीहरुलाई समेत पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुमा लैङ्गिक दृष्टिकोणबाट सन्तुलन कायम गर्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अनुसन्धान गर्दा निश्चित परिधि वा सीमा भित्र रहि गर्नु बढी प्रभावकारी हुने भएकोले यस अनुसन्धानलाई पनि निम्नलिखित सीमामा आधारित रहेर अनुसन्धान कार्य संचालन गरिएको थियो ।

क) यस अध्ययनलाई व्यवस्थित गर्न बझाङ्ग जिल्लालाई लिइएको थियो ।

ख) यस अध्ययनको लागि बझाङ्ग जिल्ला भित्रबाट छनोटमा परेका २ वटा सामुदायिक विद्यालय कालिका नि.मा.वि. र चौधारी उ.मा.वि. लाई लिइएको थियो ।

ग) यस अध्ययनको लागि औजारको रुपमा खुल्ला प्रश्नावली, समूहमाथि छलफल र दस्तावेज अध्ययन जस्ता साधनहरुको मात्र प्रयोग गरिएको थियो ।

घ) यो अध्ययनमा नि.मा. तहको सामाजिक अध्ययन विषयलाई मात्र अध्ययनको विषयवस्तु बनाइ अनुसन्धान गरिएको छ ।

ङ) पाठ्यपुस्तकलाई लैङ्गिक दृष्टिकोणबाट मात्र विश्लेषण गरिएको छ ।

च) यस अध्ययनमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा ६, ७ र ८ को सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकलाई मात्र विश्लेषण गरिएको छ ।

छ) यस अध्ययनको लागि पाठ्यपुस्तकमा समावेश अघिल्ला ५ वटा एकाइहरुको मात्र विश्लेषण गरिएको छ ।

## १.६ शब्दावलीको परिभाषा

- लैङ्गिक समानता (Gender equality): कानुनी रुपले अवसर प्राप्त गर्न सक्ने र प्रभाव पार्न सक्ने क्षमताका रुपमा महिला र पुरुष बीच समानता हुनु लैङ्गिक समानता हो ।
- लैङ्गिक समता (Gender equity): यसले सामाजिक स्रोत र साधनमा महिला र पुरुषको पहुँचमा न्यायोचित तथा निश्पक्षता भन्ने बुझाउँछ ।
- लैङ्गिक मूल प्रभावीकरण (Gender mainstreaming): यसले विकासका प्रत्येक चरणमा महिला र पुरुषको समान सहभागिता र हस्तक्षेपको अपेक्षा गर्छ । नीति, रणनीति निर्माण र कार्यान्वयनका साथै अनुगमन मूल्याङ्कनमा पनि महिला र पुरुषका अपेक्षा र आवश्यकतालाई समान महत्व दिइन्छ ।
- विकासमा महिला (Women in development): वर्तमान विकास प्रक्रियामा महिलालाई समाहित गर्ने उद्देश्य राखी उनीहरुलाई नै लक्षित गरी विशेष कार्यक्रम गर्न यस अवधारणाले जोड दिन्छ ।
- लैङ्गिक र विकास (Gender and development): यो अवधारणाले महिलाहरु सधैं पूर्ण सहभागिताबाट बन्चित रहन बाध्य असमान लैङ्गिक सम्बन्ध सुधार्ने तर्फ केन्द्रित रहेको हुन्छ । यसले महिला र पुरुषको समान सहभागिता, निर्णयमा समान पहुँच र फाइदाको समान वितरण होस् भन्ने अपेक्षा राख्दछ ।
- लैङ्गिक विश्लेषण (Gender analysis): समाज विकास हुनका लागि महिला र पुरुषको समान विकास हुनुपर्छ । लैङ्गिक विश्लेषण महिला र पुरुषमा भएका सामाजिक असमानताहरु पत्ता लगाउने एक विधि हो । कुन कुन क्षेत्रमा के के कुरामा अपुग छ, त्यो कुरा लैङ्गिक विश्लेषणले पत्ता लगाउँछ ।
- महिला सशक्तिकरण (Women empowerment): समाजमा महिला माथि भएका अनावश्यक नियन्त्रणको प्रतिकार गर्नका निम्ति महिलालाई सबल र सचेत बनाउनु नै महिला सशक्तिकरण हो ।
- नारीबाद (Feminism): महिलाहरुको समानताका लागि, नारी विकासका लागि, नारी न्यायका लागि, नारी हकहित र अधिकारका लागि महिलालाई पुरुष सरह बनाउनुपर्छ । महिला र पुरुष बिच कुनै पनि लैङ्गिक विभेद र असमानता हुनुहुँदैन । महिलालाई दमन र शोषण गर्ने पुरुषको कुनै अधिकार छैन भन्ने वैचारिक दर्शनको वकालत गर्ने वाद नै नारीवाद हो ।
- लैङ्गिक दृष्टिकोण (Gender Prespective) : लैङ्गिक (Gender) लाई नेपालीमा सामाजिक लिङ्ग भनेर बुझिन्छ । हाम्रो परिवार, समाज र संस्कृतिले बनाएका महिला र पुरुषका भूमिकाहरु र जिम्मेवारीहरुलाई लैङ्गिक भनिन्छ । यी भूमिकाहरु सामाजिकीकरणमा आधारित हुन्छन् । त्यसैले लैङ्गिकताको अवधारणा देश, काल, परिस्थिति, संस्कृति र वर्ग अनुसार परिवर्तन भइरहन्छ । लैङ्गिक भन्ने वित्तिकै : महिलाको भूमिका, पुरुषको भूमिका, महिला र पुरुषको

भूमिका बिचको सम्बन्ध, परिवर्तित समय र संस्कृतिमा तिनीहरुको भूमिका परिवर्तन जस्ता चारवटा तत्वहरु समावेश भएका हुन्छन् ।

- लैङ्गिक विभेद (Gender discrimination) : पूर्णतया लिङ्गमा आधारित रही महिला र पुरुष माथि गरिने अलग अलग व्यवहारलाई लैङ्गिक विभेद भनिन्छ । सामाजिक अवसरहरु, सामाजिक सम्मान, सामाजिक संलग्नताका आधारमा हाम्रो समाजमा महिलालाईं वेवास्ता गर्ने चलन विद्यमान छ । लैङ्गिक विभेदले समाजमा संरचनागत विभेदलाई बल पुऱ्याउँछ ।
- लैङ्गिक भिन्नता (Gender differences) : लैङ्गिक भिन्नता मानिसको जैविक बनावट हो । जसका आधारमा हामी महिला र पुरुष छुट्याउँछौं ।

# परिच्छेद- दुई

# साहित्यको पुनरावलोकन

लैङ्गिक विभेद सम्बन्धमा विभिन्न अध्ययन कार्यहरु भइरहेका छन् । पूर्व अध्ययन कार्यको अध्ययन गरी समीक्षा गर्नाले वर्तमानमा अध्ययन कुन बिन्दुसम्म पुगेको छ भन्ने जानकारी मिल्न गइ थप अध्ययन कार्यलाई अगाडि बढाउन मार्गदर्शन मिल्दछ । त्यसैले लैङ्गिक दृष्टिकोणमा नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकको अवस्था कस्तो रहेको छ भनि गरिएको यस अध्ययनसँग केहि हदसम्म मेलखाने र सहयोग पुऱ्याउने पूर्व साहित्यको समीक्षा निम्नानुसार गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सैद्धान्तिक साहित्यको समीक्षा अन्तर्गत लैङ्गिक दृष्टिकोणबाट निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तक सम्बन्धी सैद्धान्तिक पक्षमा योगदान पुऱ्याएका विभिन्न समाजशास्त्री एवं सिद्धान्तकारहरुले प्रतिपादन गरेका सिद्धान्तहरु बारेमा उल्लेख गरिएको छ ।

२.१.१ कार्ल मार्क्स (१८१८-१८८३) ले समाज परिवर्तनका सम्बन्धमा सङ्घर्षको सिद्धान्तलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणमा विश्लेषण गरी विश्वव्यापी बनाउने कार्य गरेका छन् । मानव इतिहासमा देखापरेका आर्थिक एकाधिकार, उत्पादन साधनहरु माथिको नियन्त्रण तथा असमान वितरण प्रणालीलाई आधार मानेर कार्ल मार्क्सले द्वन्द्व सिद्धान्तको व्याख्या गरेका छन् ।

राज्यप्रदत्त अवसरहरुको अन्यायपूर्ण वितरण, उत्पादन र वितरण प्रणालीमा एकाधिकार हुने हुँदा समाजमा विभेदीकरण हुन्छ र समाजमा हुने र नहुने वर्गहरु बिचमा अर्न्तविरोध हुन्छ । यसरी समाजमा हुने अर्न्तविरोध, विरोधाभाष, अन्यायपूर्ण सम्बन्धलाई यथास्थितिमा राख्ने प्रयत्नको सट्टा निर्णायक द्वन्द्वद्वारा निकास दिनुपर्दछ भन्ने धारणा मार्क्सको हो ।

मार्क्सका अनुसार वर्गीय समाजमा राज्य भनेको एक वर्गले अर्को वर्गमाथि शोषण गर्ने हतियार मात्र हो भनेका छन् । त्यस्तै हाम्रो जस्तो पितृसत्तात्मक राज्यमा पनि पुरुषहरुले महिलाहरुमाथि राज्य गरिरहेका हुन्छन् । जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक तथा पहुँचको हिसावले पछाडि परेको पाइन्छ । यसरी समाजमा विविध सांस्कृतिक मूल्य र मान्यता, सांस्कृतिक अतिक्रमण, सामाजिक विभेद, सीमित स्रोत र साधन, असमान न्यायप्रणाली, राजनैतिक, आर्थिक दमन, लैङ्गिक असमानता, पारिवारिक र सामुदायिक विभिन्नता, वाह्य हस्तक्षेप जस्ता विविध स्थितिहरु रहेका हुन्छन् । जसको फलस्वरुप आफ्नो हक र अधिकारको लागि समाजमा द्वन्द्व हुन्छ । लैङ्गिक हिसावमा आफ्नो आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक हक र अधिकारको प्राप्तिका लागि महिलाले द्वन्द्व गर्छन र यो द्वन्द्व लैङ्गिक विभेद अन्त नहुन्जेलसम्म चलिरहन्छ । यसरी मार्क्सले प्रतिपादन गरेको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त मार्फत लैङ्गिक विभेद अन्त गरी समाजमा महिला र पुरुष बीच समानता कायम गर्न प्रयोग गर्न सकिन्छ ।

२.१.२ अगस्त कम्ते (१७९८-१८५७) ले सर्वप्रथम संरचनात्मक कार्यवादी सिद्धान्तको प्रतिपादन गर्ने काम गरे । यस सिद्धान्तको विकास गर्नमा समाजशास्त्री हर्वट स्पेन्सर (१८२०-१९०३), इमायल दुर्खिम (१८५८-१९१७), टाल्कट पार्सन्स (१९०२-१९८९) को ठूलो योगदान रहेको छ ।

समाज भनेको सामाजिक सम्बन्धको जटिल जालो हो । त्यही सामाजिक जटिल सम्बन्धको जालोको रुपमा रहेका विभिन्न एकाहरुद्वारा समाजको निर्माण हुने भएकाले समाजलाई व्यवस्थित बनाउनका लागि, समाजका आवश्यकताहरु परिपूर्ति गर्नका लागि समाजका विभिन्न एकाइहरुले निर्वाह गर्ने भूमिका वा समाजको संरचनाहरुले पुऱ्याउने योगदानलाई संरचनात्मक कार्य भनिन्छ । यदि समाजका प्रत्येक एकाइहरु क्रियाशिल हुँदैनन् भने समाज व्यवस्थित हुन सक्दैन भन्ने धारणा अनुरुप यो सिद्धान्तको प्रतिपादन भएको हो । त्यसकारण समाजको निरन्तरताका लागि समाजका प्रत्येक एकाइ क्रियाशिल भइ कार्य गर्नुपर्दछ भन्ने धारणा यस सिद्धान्तका समर्थकहरुको रहेको छ ।

यस सिद्धान्त अनुसार जसरी स्वचालित मेसिनले निरन्तर कार्य गरिरहेको हुन्छ । यदि मेसिनको कुनै अङ्ग वा पार्टपूर्जामा खराबी आयो भने वा बिग्रियो भने त्यो यन्त्र वा मेसिनको सम्पूर्ण कार्य अवरुद्ध र अव्यवस्थित हुन्छ । त्यस्तै किसिमले सामाजिक पद्धति भित्र पनि विभिन्न तत्वहरु छन् । ती तत्वहरु एकआपसमा सम्बन्धित भएर क्रियाशिल हुन्छन् । समाजको कुनै एउटा तत्वले काम गर्न सकेन भने समाजको व्यवस्था खलबलिन्छ भन्ने धारणा राख्दछ ।

यसरी समाजशास्त्रका पिता अगस्ते कम्तेद्वारा प्रतिपादन गरेको संरचनात्मक कार्यवादी सिद्धान्तलाई समाजमा लैङ्गिक दृष्टिकोणबाट सन्तुलन कायम गर्न समाजमा रहेका विभिन्न एकाइहरुलाई क्रियाशील गराइ ति एकाइहरुका बिच समानता कायम गर्न प्रयोग गर्न सकिन्छ । यस सिद्धान्त अनुसार समाज व्यवस्थाको निर्माण विभिन्न एकाइहरु मिलेर भएको हुन्छ । जसमा परिवार, सामाजिक समूह, मूल्यहरु, मान्यताहरु, भूमिका, संस्थाहरु, नातेदारी, वर्ग आदि पर्दछन् । यी एकाइहरुले आत्मनिर्भर भएर आ-आफ्नो कार्य गरिरहन्छन् । जसको फलस्वरुप समाज व्यवस्था निरन्तर चलिरहन्छ । समाज व्यवस्था निरन्तर संचालन गर्न समाजका व्यक्तिहरुको महत्वपूर्ण भूमिका हुन्छ । अर्थात लैङ्गिक सन्तुलनका दृष्टिले महिला र पुरुषको भूमिका महत्वपूर्ण हुन्छ । यसरी लैङ्गिक दृष्टिकोणबाट महिला र पुरुष बिच समानता कायम गरी आर्थिक, सामाीजक, राजनैतिक रुपमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन संरचनात्मक कार्यवाद सिद्धान्तको प्रयोग गर्न सकिन्छ ।

२.१.३ बेटी फ्राइडन (Betty Friedan, 1960) ले समाज परिवर्तनका सम्बन्धमा उदारवादी नारीवादको धारणालाई व्याख्या विश्लेषण गर्ने कार्य गरेका छन् । लिङ्गका आधारमा महिलाहरुलाई अधिकार वा अवसरबाट बञ्चित गर्न पाइदैन भन्ने तर्कका आधारमा आधारित धार नै उदारवादी नारीवाद हो । यस धारणाले महिला र पुरुषलाई समान स्थानमा राख्दछ, समाजलाई परिवर्तन मुखी बनाउन

शिक्षाको स्थान उच्च छ भन्ने मान्यता राख्दछ, समूह वा लिङ्ग विशेषको साथै व्यक्तिगत स्वतन्त्रतालाई भन्दा लिङ्ग तटस्थ मानवतामा जोड दिन्छ ।

यसरी उदारवादी नारीवाद सिद्धान्तलाई लैङ्गिक दृष्टिकोणबाट महिला र पुरुषलाई समान स्थानमा राख्न प्रयोग गर्न सकिन्छ । लैङ्गिक दृष्टिकोणबाट महिला र पुरुष बिचको असमानताको खाल्टो हटाइ महिला र पुरुष बीच आर्थिक, सामाजिक, राजनीतिक व्यक्तिगत स्वतन्त्रता जस्ता कुराहरुमा अवसर प्रदान गर्न उदारवादी नारीवाद सिद्धान्तको प्रयोग गर्न सकिन्छ ।

## २.२ विषयगत साहित्यको पुनरावलोकन

सरकारले महिलाहरुको विकास सम्बन्धी मुद्दाहरुलाई पाँचौ पञ्चबर्षीय योजनादेखि मात्र सम्बोधन गर्न शुरु गरेको हो । पाँचौ पञ्चवर्षीय योजनामा प्रौढ साक्षरता तथा महिलाको लागि गृहविज्ञानमा आधारित सीप विकास गराउने कुरा उल्लेख गरिएको थियो । त्यसै गरी छैठौं योजनामा शिक्षाको अवसरबाट पछाडि पारिएका क्षेत्रका महिलालाई विशेष शिक्षाको व्यवस्था गरिने छ भन्ने उल्लेख गरिएको थियो । सातौं पञ्चवर्षीय योजनामा दुर्गम क्षेत्रका बालबालिकाहरुलाई शिक्षाको पहुँच वृद्धि गर्न विशेष व्यवस्था स्वरुप छात्रवृत्ति र छात्रवासको व्यवस्था गरिने छ भन्ने उल्लेख गरिएको थियो । आठौं पञ्चवर्षीय योजनामा शिक्षामा छात्राहरुको सहभागिता बढाउन विद्यालयमा महिला शिक्षकहरुको संख्या बढाउने तथा अनौपचारिक शिक्षाको क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्ने कुरा उल्लेख गरिएको थियो । जसमा महिलाका लागि विशेष कार्यक्रमहरुको विकास गरिएको थियो । त्यसैगरी नबौं पञ्चवर्षीय योजनामा आधारभूत शिक्षालाई बढाएर ८ वर्ष पुऱ्याउनका साथै शिक्षामा लिङ्ग र विकासको अवधारणालाई आत्मसात गरिएको थियो । यसै योजनामा महिलाको पहुँचलाई विस्तार गरी लैङ्गिक समानता कायम गर्ने लक्ष्य लिइएको थियो । दशौं योजनामा प्राथमिक शिक्षालाई अनिवार्य गर्ने छात्रा सहभागिता र सिमान्तकृत तथा सुविधाविहिन समुदायका बालबालिकाको शिक्षामा पहुँचलाई सुनिश्चित गर्ने कुरामा जोड दिइएको थियो । यसका साथै प्रौढ शिक्षामा लैङ्गिक सन्तुलन कायम गराउने, प्राथमिक तहमा महिला शिक्षकको उपस्थितिलाई अनिवार्य गर्ने कार्यक्रम पनि ल्याइएको थियो (महिला शिक्षा, २०६२ : ३३-४६) ।

त्रि-वर्षीय अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) मा विद्यालयहरुलाई बालबालिका मैत्रीपूर्ण वातावरण सिर्जना हुने व्यवस्था गर्ने, छात्रा भर्ना प्रतिशत प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः ५०, ५० र ४८ पुऱ्याउने, भर्नादर बढाउन, विद्यालय छाड्ने दर घटाउन छात्रवृत्ति, दिवाखाजा, खानेतेल जस्ता सहुलियत एकीकृत संजाल, मार्फत व्यवस्थित रुपमा वितरण गर्ने, विद्यालय संचालन तथा व्यवस्थापनमा महिला, दलित, मधेसी, जनजाति, अपाङ्ग, द्वन्द्वपीडित तथा सुविधाविहिन वर्गको सहभागितामा विशेष ध्यान दिने, यी वर्गबाट शिक्षकहरु आपूर्ति गर्ने व्यवस्थाको विकास गरिने, शिक्षामा महिला, दलित, आदिवासी, जनजाति, मधेसी युवा तथा गरिब वर्गको पहुँच

बढाउन विद्यार्थी भर्नाका आधारमा छात्रवृत्ति र थप सहुलियत दिने र यस्ता सुविधाका अतिरिक्त उच्च शिक्षामा शैक्षिक ऋणको समेत व्यवस्था गर्ने, आधारभूत शिक्षामा ३१,८०,००० छात्रालाई छात्रवृत्ति दिने, कर्णाली अञ्चलका सम्पूर्ण छात्राहरुलाई मासिक रु.१०० का दरले १० महिनाको छात्रवृत्ति दिने जस्ता कुराहरु उल्लेख गरिएको छ ।

बराल (२०६६: २१-२२) सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (सन् २००१-२०१५) मा सन् २०१५ सम्ममा सबै बालबालिकाहरु विशेष गरी कठिन परिस्थितिमा परेका बालबालिका एवं अल्पसंख्यक जनजाति भित्र पर्ने बालबालिकारुका लागि निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षामा पहुँच र गुणस्तरीयता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । यसै गरी उक्त योजनामा सन् २००५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाइ सन् २०१५ सम्ममा गुणस्तरयुक्त आधारभूत शिक्षाको उच्च उपलब्धि प्रति बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गर्ने तर्फ ध्यान केन्द्रित गरी शिक्षामा लैङ्गिक समानता हासिल गर्ने कुरा उल्लेखित गरिएको पाइन्छ । सहस्राब्दी विकासका लक्ष्यमा लैङ्गिक समानता र महिला सशक्तिकरण अन्तर्गत सकेसम्म सन् २००५ सम्म प्राथमिक तथा माध्यमिक शिक्षाबाट र सन् २०१५ सम्ममा शिक्षाका सबै तहबाट लैङ्गिक विभेद उन्मुलन गर्ने लक्ष्य तोकिएको छ । नेपालको दिगो विकास सम्बन्धी एजेण्डा २०१७ मा प्रत्येक बालिका तथा बालकले विद्यालय जान पाउनेछन् र प्रत्येक प्रौढ व्यक्ति साक्षर हुनेछन् भनी वृहत लक्ष्य अन्तर्गत उल्लेख गरिएको छ । त्यसै एजेण्डामा प्राथमिक तहमा प्रत्येक बालक तथा बालिकाको उपस्थितिलाई सतप्रतिशत पुग्ने गरी बृद्धि गर्ने भनी भावी एजेण्डा उल्लेख गरिएको छ । यसै गरी कुनै पनि प्राथमिक विद्यालय घरबाट ३० मिनेटको हिडाइभन्दा टाढा नहुने गरी थप विद्यालय स्थापना गर्ने भावी एजेण्डामा उल्लेख गरिएको छ । लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजनामा सन् २०१५ सम्ममा गुणस्तरीय शिक्षामा लैङ्गिक समानता ल्याइने छ भनि दुरदृष्टि उल्लेख गरिएको छ ।

शिक्षा ऐन, २०२८ (सातौं संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (तेस्रो संशोधनसहित) मा गरिवीको रेखामुनी रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था उल्लेख गरिनुका साथै तीन जना शिक्षक दरबन्दीमा कम्तीमा एक जना महिला शिक्षक, सातजना शिक्षक दरबन्दीमा कम्तीमा २ जना र सो भन्दा बढी शिक्षक दरबन्दी भएमा कम्तीमा तीन जना महिला शिक्षक दरबन्दीको पद रहने व्यवस्था गरिएको छ ।

बराल (२०६६) ले लैङ्गिक समानता तथा सबैलाई शिक्षाको पहुँचमा सुनिश्चितता कायम गर्न हालसम्म गरिएका प्रयासहरुलाई पनि उल्लेख गरेका छन् । प्राथमिक शिक्षा तहमा सम्पूर्ण दलित विद्यार्थी र ५० प्रतिशत छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको, सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका दलित, जनजाति, महिला लगायत अन्य विद्यार्थीलाई निःशुल्क शिक्षा दिने व्यवस्था गरिएको, निम्न माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको, शहिदका छोराछोरीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरिएको, दलित, लोपोन्मुख, सिमान्तकृत समुदाय र कर्णाली अञ्चलका सबै विद्यार्थीहरुलाई

माध्यमिक र उच्च माध्यमिक तहसम्म निःशुल्क शिक्षा लगायत निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइएको, मुस्ताङ, हुम्ला, जुम्ला जिल्लामा हिमाली छात्रावास भएका सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि आवासीय छात्रवृत्ति उपलब्ध गराइएको, फिडर छात्रावास भएका विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत ४७० जना छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराइएको, शिक्षाका लागि खाद्य कार्यक्रम अन्तर्गत कर्णाली अञ्चलका सबै जिल्लाहरु, न्यून भर्ना दर भएका र खाद्य संकट रहेका जिल्लाहरुमा प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि दिवा खाजाको व्यवस्था गरिएको, विद्यालय शिक्षामा सहभागी हुन नसक्ने बालिकाहरुका लागि बैकल्पिक विद्यालयको व्यवस्था गरिएको, विद्यालय भौतिक सुधार कार्यक्रम अन्तर्गत छात्राहरुका लागि छुट्टै शौचालयको व्यवस्था गरिएको, तोकिएको दरबन्दीमा न्यूनतम रुपमा महिलाका लागि आरक्षणको व्यवस्था गरिएको र शिक्षक नियुक्तिमा महिलालाई प्राथमिकता दिने गरिएको छ ।

तामाङ (२०५९) का अनुसार अन्य विकासोन्मुख देशमा झै नेपाली महिलाहरु पनि अशिक्षा, अस्वस्थता, गरिवी, रुढिवादी संस्कृति र भेदभावयुक्त कानुनी प्रावधानका कारण समाजमा हरेक क्षेत्र र पक्षमा पुरुषका दाजोमा पिछडिएर शोषित, पीडित, उपेक्षित र असुरक्षित अवस्थामा जीवन गुजारी रहेका छन् । समाजमा रहेका यिनै लैङ्गिक भेदभाव, दमन, शोषण पनि हिंसा र अधिनताका कारण समाजमा एक पक्षले अर्को पक्षलाई गर्ने चर्को दमन र शोषणका विरुद्ध शोषित पक्षले मुक्ति खोज्दछ । लैङ्गिक विभेदका कारण सिर्जना भएका सबै प्रकारका बन्देजबाट महिलाहरुको मुक्तिका लागि सन् १९५० पछि महिला आन्दोलन अघि बढ्यो ।

मिश्र (२०५९) का अनुसार सन् १९५० पछि महिलाको विविध पक्षमा देखिएका दमन, असमानता, शोषण, हिंसा, साधन स्रोत माथि असमान पहुँच, कार्य विभाजन आदिलाई आधारित गरेर अध्ययन अनुसन्धान गरिन थाले, त्यसलाई कुनै शैक्षिक पृष्ठभूमिमा भन्दा पनि आन्दोलनका रुपमा बढी केन्द्रित गरियो । त्यसैको परिणामस्वरुप लैङ्गिक अवधारणाको शुरुवात भएको छ । विशेष गरी मार्क्सवादी र उदारनारीवादी सैद्धान्तिक व्याख्या बढी व्यवहारिक र यथार्थ रुपमा महिलाको अवस्थालाई खोज्न सक्ने सिद्धान्तका रुपमा देखिएका छन् । यसै गरी जैविक, संस्थागत, सामाजिक, मनोविश्लेषक जस्ता लैङ्गिक अवधारणा र मनोविश्लेषण क्रान्तिकारी तथा समाजवादी महिलावादी अवधारणाहरु पनि त्यतिकै सशक्त रुपमा विकास भएका छन् । यी सबै व्याख्या र विश्लेषणले महिलावादी सिद्धान्त अझै यथार्थमा उभिन सकेको छैन भन्ने देखाउँछन् ।

वाग्ले (२०६३) का अनुसार वर्तमान समयमा लैङ्गिक अध्ययन निकै चर्चित विषयका रुपमा देखापरेको छ । विभिन्न विद्वान, विदुषी, सरकारी तथा गैह्र सरकारी संस्थाले लैङ्गिक मुद्दाको चर्चा परिचर्चा गर्ने गरेका छन् । समाजमा महिला र पुरुष बीचको सम्बन्ध, भूमिका तथा मूल्यमान्यताहरुमा असमानता रहेकाले स्रोत, साधन, अवसर र शक्तिको समान वितरण हुनुपर्ने कुरा स्पष्टै छ । लैङ्गिक असमानताले गर्दा समाज तथा मानव अस्तित्वका संवाहक महिला र पुरुषले सह-अस्तित्वको महसुस गर्न

पाएका छैनन् । पितृसत्तात्मक समाजका महिलाप्रति पूर्वाग्रहि मूल्यमान्यता तथा दृष्टिकोणले गर्दा एकातिर आमूल नारीवादीहरुले यस्तो सामाजिक अस्तित्वलाई ध्वस्त पार्दै मातृसत्तात्मक समाजको निर्माण गर्नुपर्ने कुरालाई जोड दिएका छन् भने अर्कोतिर विभिन्न महिलावादीहरु तथा विदुषीहरुले इतिहासमा महिलाले पुऱ्याएको योगदानलाई अवमूल्यन गरिएको र अब History (His + tory) को सट्टा (Her + story) लेखिनुपर्ने माग पनि गर्दै आएका छन् ।

सन् १९६० को दशकपछिको विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता तथा पहुँच नभएकाले सन्तुलित र दिगो विकास प्रक्रियामा दिगो विकासका निम्ति लैङ्गिक समानता अपरिहार्य रहेको सन्दर्भ पनि वर्तमानमा पुरुष तथा महिला विकासविद् योजनाकारले उठाउँदै आएका छन् । यस पृथ्वीमा महिला र पुरुषको समान महत्व रहेकाले नत महिलाप्रति पूर्वाग्रही पितृसत्तात्मक मूल्यमान्यता तथा दर्शनबाट प्रभावित सामाजिक व्यवस्था उपयुक्त हुन्छन् । अतिवादी आमूल नारीवादले उठाएको मातृसत्तात्मक समाज, अतिवादी पुरुषकेन्द्रित मूल्यमान्यता र अतिवादी महिला दृष्टिकोण बिचको द्वन्द्वले ठूलै आपत विपत ननिम्त्याउला भन्न सकिदैन । त्यसैले समाजको सन्तुलित तथा दिगो विकासका लागि महिला र पुरुष दुवैका गुणहरु मिसिएको लैङ्गिक समतामूलक समाजको विकास गर्नुपर्ने टड्कारो महसुस गरिएको छ । यस्तो समाजमा मात्र महिला र पुरुष दुवैले सम्मान पाउने, सह-अस्तित्वको महसुस गर्ने, दुवैको आत्मस्फुर्तिकरण हुने हुँदा यस्तो समाजको निर्माण गर्न सम्पूर्ण पक्ष लागि पर्नु आवश्यक छ । यस्तो समाजको निर्माण गर्नु मानव कर्तव्य हो, वास्तविक विकासको सूचक हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छ : “सबै मानव जातिहरु मर्यादा र अधिकारका सम्बन्धमा स्वतन्त्र र समान हैसियतमा जन्मेका हुन्छन् र समान आत्मसम्मानका साथ बाचेका हुन्छन् ।” मानव अधिकारको विश्वव्यापी घोषणापत्र स्वयं र त्यसपछि आएका पछिल्ला संयन्त्रहरुले लैङ्गिक पहिचान र यौनिक अभिमुखिकरण वा छुट्टै यौन प्रस्तुतिकरण भएका व्यक्तिहरुको मानव अधिकारका सम्बन्धमा कुनै स्पष्ट र ठोस व्यवस्था उल्लेख गरेको नभएता पनि संसारमा मानव अधिकारको बढ्दो अवधारणा र विकासले यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरुका मानव अधिकारको संरक्षण व्याख्याबाट समेट्न सकेको छ ।

शिक्षा विभागद्वारा विद्यालयमा लैङ्गिक समानताको अवस्था माथि एक अध्ययन गरिएको थियो (शिक्षा विभाग, २०६३/०६४) । जसमा वर्तमान युग आन्तरिक विकासको युग हो र यो जनताको आकाङ्क्षा र राज्यको आवश्यकता पनि हो । यो उद्देश्य प्राप्तिका लागि शिक्षामा लैङ्गिक समानता अति महत्वपूर्ण छ । शिक्षामा लैङ्गिक समानता नभएको ठाउँमा पूर्ण आन्तरिक विकास हुन असम्भव छ । विद्यालय शिक्षा मानिसको आधारभूत आवश्यकता हो तर नेपालमा बालबालिकाको ठूलो संख्या अझै विद्यालय जान सकेका छैनन् भने बालिकासँग सम्बन्धित विद्यालय शिक्षाको अवस्था निकै दयनीय छ । यो अध्ययन सामाजिक अवस्था तथा मान्यताका आधारमा विद्यालयमा लैङ्गिक समानताको अवस्था पत्ता लगाउन गरिएको थियो । अध्ययनका अन्य उद्देश्यहरु लैङ्गिक मित्रवत वातावरणको पहिचान गर्नु,

लैङ्गिक असमानता न्युन गर्नु रहेका छन् । तसर्थ यस अध्ययनले लैङ्गिक असमानताको प्रमुख कारणहरु पत्ता लगाउने कोसिस गरेको छ । यसले लैङ्गिक समानताका अवरोधहरु पहिचान गर्न पनि मद्दत पुऱ्याएको छ । पत्ता लागेका तथ्य अनुसार तुलनात्मक रुपले अझै पनि बालिकाहरुको आवासीय, निजी तथा संस्थागत विद्यालयहरुमा कम पहुँच छ ।

लक्षित समूहबाट प्राप्त विचारहरुलाई (थापा, २००७) ले आफ्नो शोधपत्रमा यसरी उल्लेख गरेको पाइन्छ, छात्राहरुले आफ्नो बस्ने सिटको व्यवस्था आफै गर्ने गरेका छन् । कक्षाकोठामा छात्रासँग छात्रहरु बस्न चाहँदैनन् । हामीहरु खाली ठाउँमा बस्छौं र अलग बस्नको लागि प्रयाप्त ठाउँ छैन तर केटाहरु हाम्रो बेन्चमा बस्न दिदैनन् र नराम्रो व्यवहार गर्दछन् । त्यसकारण हामी उनीहरुसँग बस्न चाहँदैनौं । केटाहरु गिज्याउने जिस्क्याउने गर्दछन् ।

कुँवर (२०६५) ले कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक स्थितिमा गरेको शोधपत्रमा पाठ्यपुस्तक भित्र उल्लेखित चित्र, अभ्यास, कार्यव्यवहार अनुच्छेदमा महिलालाई पुरुष भन्दा तल्लो स्तरमा राखेको कुरा प्रष्ट रुपमा उल्लेख गरेका छन् । पाठ्यपुस्तकको भौतिक पक्ष पनि जस्तैः size, line, pragraph सुहाउँदो थिएन भन्ने निष्कर्ष निकालेका थिए ।


माथि उल्लेखित पाठ्यपुस्तकसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धानलाई अध्ययन गर्दा पाठ्यपुस्तकको भौतिक पक्ष, कक्षाकोठाको बसाइ व्यवस्थापन, लेखकियपन, शिक्षकको क्रियाकलाप, भाषाशैली, संवाद, कार्यव्यवहार, मूल्याङ्कन आदि विषयवस्तुलाई समावेश गरी अध्ययन गरिएको थियो । जसबाट महिला र पुरुष बिचमा समावेशीको मात्रा कम रहेको निष्कर्ष निकाल्न सकिन्छ । यसै सन्दर्भमा यस अध्ययनले लैङ्गिक दृष्टिकोणमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा महिला र पुरुष बीचको समानता र विभेद, पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु, भाषा, अभ्यास र चित्रहरुमा लैङ्गिक आधारमा भएका कमी कमजोरी हेरिएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

उपलब्ध विभिन्न साहित्यको अध्ययन गर्दा पाठ्यपुस्तकको विभिन्न पक्षमा लैङ्गिक विभेदहरु हुने गर्दछन् भन्ने देखिन्छ । यस अध्ययनमा निम्न अनुसारका पक्षमा लैङ्गिक अवस्था र सम्बन्धित विषय प्रतिका सरोकारवालाहरुको धारणा बुझ्ने प्रयत्न गरिएको छ । जसलाई निम्न तालिकाबाट प्रष्ट पारिएको छ ।

**चित्र नं. २.१**

**अवधारणात्मक ढाँचा**




माथि उल्लेखित पाठ्यपुस्तकसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धान कार्य गरिएको भएता पनि यो अनुसन्धान शीर्षक "निम्न माध्यमिह तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण" मा पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु, भाषा, अभ्यास र चित्रहरुमा महिला र पुरुष बिचको समानता र विभेद हेर्न खोजिएको छ । जसमा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुमा लैङ्गिक दृष्टिकोणबाट सन्तुलन हुँदा र नहुँदा के कस्ता कमी कमजोरी हुन्छन् भन्ने कुरालाई अध्ययनको मुख्य केन्द्रबिन्दु मानिएको छ ।

# परिच्छेद- तीन
# अध्ययनको विधि

अध्ययन विधि भन्नाले अध्ययन अनुसन्धान कार्यका लागि पूर्व निर्धारित योजना तथा रणनीति हो । पूर्व योजना विना गरिने अनुसन्धान निश्चित लक्ष्य सम्म पुग्न सक्दैन । अनुसन्धान कार्यको लागि तयार पारिने वृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यस अनुसन्धान कार्यमा अध्ययनको उद्देश्य र प्रकृति हेरि निम्नलिखित विधि तथा प्रक्रिया अवलम्बन गरी अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

## ३.१ अध्ययनको ढाँचा

अध्ययन शीर्षकको प्रकृति अनुसार यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको थियो । अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्ता स्वयं अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भइ प्राकृतिक अवस्थाका वहुवास्तविकताहरुलाई खोज गरिएको र शाब्दिक रुपमा असाङ्खिक तथ्याङ्कहरुलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने एवं तथ्याङ्क संकलनका साधनहरुबाट प्राप्त तथ्याङ्कहरुलाई उत्तरदाताको अनुभव, विचार, धारणा र ज्ञानलाई प्रत्यक्ष वाक्यांसकै रुपमा संकलन गरी अध्ययन गरिएको ढाँचा गुणात्मक अनुसन्धान ढाँचा हो । यस अध्ययनमा पनि गुणात्मक विधिलाई केन्द्रमा राखेर अध्ययन गरिएको थियो । यस शोध अध्ययन कार्यलाई सम्पन्न गर्नको लगि निम्नानुसारको अनुसन्धान ढाँचा प्रयोग गरिएको थियो :

**तालिका नं. ३.१**

**अध्ययनको ढाँचा**

| क्र.सं. | अध्ययनको उद्देश्य | सूचनाको स्रोत | साधनको प्रयोग |
|---|---|---|---|
| १ | निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा भएका लैङ्गिक समानता र असमानता विश्लेषण गर्नु, | शिक्षक, स्रोत व्यक्ति, विद्यार्थी | खुल्ला प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका |
| २ | पाठ्यपुस्तक भित्र लैङ्गिक आधारमा भएका कमीकमजोरी पहिल्याइ आवश्यक सुधारका उपायहरु पहिचान गर्नु, | शिक्षक, स्रोत व्यक्ति, विद्यार्थी | खुल्ला प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका |

## ३.२ जनसंख्या

यस अनुसन्धान कार्यको लागि नेपाल अधिराज्य भरि संचालित सामुदायिक निम्न माध्यमिक विद्यालयहरु, नि.मा. तहमा अध्ययन गर्ने विद्यार्थीहरु र शिक्षकहरुको जनसंख्यालाई मात्र समावेश गरिएको छ जसमा कक्षा ६, ७ र ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु र निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषय पढाउने सम्पूर्ण शिक्षकहरुको संख्यालाई अध्ययनको जनसंख्यामा समेटिएको छ ।

## ३.३ नमूना छनोट

नमूना जनसंख्याबाट झिकिएको एक सानो समूह हो । जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । अनुसन्धानकर्ताले सम्पूर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकोले अध्ययन कार्यका लागि सम्भव हुन सक्ने गरी जनसंख्याबाट प्रतिनिधिमूलक केहि एकाइहरुको छनोट गर्नुपर्दछ र तिनै एकाइ गुणहरुको अध्ययन विश्लेषण गरेर प्राप्त निष्कर्षलाई सम्पूर्ण जनसंख्यामा सामान्यीकरण गरिन्छ । अर्थात नमूनाको अध्ययनबाट प्राप्त नतिजाको आधारमा त्यसको सम्पूर्ण जनसंख्यामा पनि लागु हुन्छ भनि निष्कर्ष निकालिन्छ । तसर्थ यस अध्ययनमा निम्न प्रकारको नमूना छनोट प्रक्रिया अवलम्बन गरिएको थियो ।

### ३.३.१ अध्ययनको क्षेत्रको छनौट

अध्ययन कार्यलाई उद्देश्यमूलक बनाउनको लागि आफ्नो सुविधा सीमित स्रोत र साधनको प्रयोग गरी अध्ययन कार्यलाई अगाडि बढाउनका लागि बझाङ्ग जिल्लालाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको थियो ।

### ३.३.२ विद्यालय छनोट

बझाङ्ग जिल्लाका विभिन्न गा.वि.स. मा रहेका सामुदायिक विद्यालयहरुमा आफ्नो भौगोलिक निकटता र सीमित स्रोत साधनको कारणले गर्दा अनुसन्धान कार्य सम्पन्न गर्न बझाङ्ग जिल्लाका ११ वटा प्रशासनिक इलाका मध्ये इलाका नं. ७ मा पर्ने सामुदायिक नि.मा.वि. बाट संयोगात्मक नमूना छनोट विधिद्वारा २ वटा सामुदायिक नि.मा.वि. लाई छनोट गरिएको थियो । (अनुसूची १)

### ३.३.३ स्रोत व्यक्ति छनोट

नमूना छनोटमा परेका २ वटा सामुदायिक नि.मा.वि. का स्रोतव्यक्तिहरुलाई आफ्नो सुविधाको आधारमा उद्देश्यात्मक नमूना छनोट विधिद्वारा छनोट गरिएको थियो । (अनुसूची २)

### ३.३.४ शिक्षक छनोट

नमूना छनोटमा परेका २ वटा सामुदायिक नि.मा.वि. का सामाजिक अध्ययन विषय पठनपाठन गराउने शिक्षकलाई आफ्नो सुविधाको आधारमा उद्देश्यात्मक नमूना छनोट विधिद्वारा शिक्षक छनोट गरिएको थियो । (अनुसूची ३)

### ३.३.५ विद्यार्थी छनोट

नमूना छनोटमा परेका २ वटै विद्यालयबाट नि.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट छात्रा र छात्र विद्यार्थीको अलग अलग समूह बनाइ छात्रा र छात्र पर्ने गरी १२ जना विद्यार्थीहरुलाई सम्भावनायुक्त नमूना छनोट विधिद्वारा छनोट गरिएको थियो । (अनुसूची ४)

## ३.४ साधनको निर्माण

हरेक विषय क्षेत्रमा अनुसन्धान कार्य संचालन गर्न र आवश्यक सूचनाहरुको संकलनका लागि साधनहरुको निर्माण गरिनुपर्दछ । तसर्थ यस अध्ययनको उद्देश्य अनुरुप गुणात्मक सूचनाहरु संकलन गर्न अनुसनधनकर्ताद्वारा प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रमा सहभागी भइ निम्नलिखित साधनको प्रयोग गरी आवश्यक सूचनाहरु संकलन गरिएको थियो :

### ३.४.१ खुल्ला प्रश्नावली

नमूना छनोटमा परेका शिक्षकहरु र स्रोत व्यक्तिहरुको लागि खुल्ला प्रश्नावली निर्माण गरी उक्त प्रश्नावली वितरण गरेर सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु, भाषा, चित्र र अभ्यासमा लैङ्गिक दृष्टिकोणबाट कस्तो सन्तुलन रहेको छ भन्ने तथ्याङ्क संकलन गरिएको थियो । (अनुसूची ५)

### ३.४.२ लक्षित समूह छलफल निर्देशिका

नमूना छनोटमा परेका विद्यालयका नि.मा. तहमा अध्ययनरत विद्यार्थीहरुको दुई समूह निर्माण गरी उद्देश्य अनुरुप लक्षित समूह छलफल निर्देशिका निर्माण गरी लक्षित समूह छलफल गराएर पाठ्यपुस्तकमा समावेश गरिएका लैङ्गिक सन्तुलन सम्बन्धी उनीहरुको धारणा संकलन गरिएको थियो । (अनुसूची ६)

### ३.४.३ दस्तावेज अध्ययन

नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित साहित्यलाई औजार मानि उक्त साहित्यको आधारमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश विषयवस्तुहरु लैङ्गिक समानताका दृष्टिकोणले कति सान्दर्भिक छन् भन्ने सूचनाहरु संकलन गरिएको थियो ।

## ३.५ साधनको वैधता

यस शोध अध्ययन कार्यमा 'लैङ्गिक दृष्टिकोणमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तक विश्लेषण' सम्बन्धी अध्ययनको उद्देश्य पुरा गर्न आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्न विभिन्न साधनहरु प्रयोग गर्नु भन्दा पहिले सहपाठी साथीहरुसँग छलफल गरेर, शोधपत्रमा समावेश गरिएका अनुसन्धान साधनको अध्ययन गरेर, सम्बन्धित शीर्षकमा शोध निर्देशकलाई सुधार कार्यको लागि देखाइ आवश्यक परिमार्जन तथा संशोधन गरी अन्तिम रुप दिइएको थियो ।

### ३.६ तथ्याङ्क संकलन प्रक्रिया

### ३.६.१ प्राथमिक तथ्याङ्क संकलन प्रक्रिया

नमूना छनोटमा परेका २ वटा सामुदायिक नि.मा.वि. मा सामाजिक अध्ययन विषय पढाउने शिक्षकलाई र स्रोत व्यक्तिलाई खुल्ला प्रश्नावली निर्माण गरी उक्त प्रश्नावली वितरण गरेर आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । त्यसैगरी नमूना छनोटमा परेका सामुदायिक नि.मा. तहमा अध्ययनरत विद्यार्थीहरुलाई दुई समूहमा विभाजन गरी लक्षित समूह निर्देशिका निर्माण गरी लक्षित समूह छलफल गराइएको थियो । यसरी शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६.२ द्वितीय तथ्याङ्क संकलन प्रक्रिया


हरेक अनुसन्धान कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि प्राथमिक तथ्याङ्क संकलनको साथसाथै अध्ययनको आवश्यकता अनुसार सहायक तथ्याङ्क पनि संकलन गर्नुपर्ने हुन्छ । तसर्थ यस अध्ययन कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्न नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकलाई मूल आधारको रुपमा लिइएको थियो । साथै सामाजिक अध्ययन विषयको पाठ्यक्रम, लैङ्गिक समानता सम्बन्धी विभिन्न जर्नल, प्रकाशित शोधपत्र, शिक्षा सम्बन्धी पत्रपत्रिकाहरुलाई आधार मानि सहायक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यका लागि प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुलाई गुणात्मक विधिद्वारा ट्रेङ्गुलेसन गरी वर्णनात्मक शैली अपनाइ तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको थियो । उक्त कार्यलाई निम्नलिखित चित्रबाट प्रस्ट पार्न सकिन्छ ।


**चित्र नं. ३.१**

**तथ्याङ्कको विश्लेषण प्रक्रिया**



**चित्र नं. ३.२**

**तथ्याङ्कको त्रिकोणात्मक जाँच**




उपयुक्त चित्र अनुसारको तथ्याङ्क विश्लेषण कार्य गरिनुका साथै अनुसन्धानकर्ताले तथ्याङ्कको साङ्केतिकरण गरी वर्णनात्मक शैलीमा तथ्याङ्कको विश्लेषण एवं व्याख्या तयार पारिएको छ ।

## ३.८ नैतिकताको मापदण्ड

प्रस्तुत खोज कार्य संकलन गर्दा नैतिकताको ख्याल गरिएको थियो । उत्तरदातासँग सुमधुर सम्बन्ध कायम गरी तथ्याङ्कको गोपनियतामा ध्यान दिइएको छ । उल्लेख गर्न भनिएका साधनलाई प्रतिवेदनमा उल्लेख गरिएको छ । उत्तरदातासँगको भाषा सुमधुर कायम गरिएको थियो भने उनीहरुको सम्मान गर्ने कुरामा ध्यान दिइएको थियो । अन्त्यमा उनीहरुले खोज कार्यमा सहयोग गरेकोमा धन्यवाद व्यक्त गरिएको थियो ।

# परिच्छेद- चार

## सूचनाको विश्लेषण र व्याख्या

महिला र पुरुषको समाजप्रति समान योगदान हुँदाहुँदै पनि लिङ्गको आधारमा महिला पछाडि पर्नु राम्रो कुरा होइन । पाठ्यपुस्तकमा पनि लिङ्गकै आधारमा विषयवस्तु, चित्र, अभ्यास, भाषा जस्ता कुराहरु समावेश गर्नु आजको परिप्रेक्ष्यमा असान्दर्भिक हुन जान्छ । आधुनिक विश्वमा शिक्षा र लैङ्गिक समानता राष्ट्रिय विकासको महत्वपूर्ण पक्ष हो । त्यसैले वर्तमान समयमा पनि यो जल्दोबल्दो समस्यामाथि अनुसन्धान गर्न निम्न माध्यमकि तहको सामाजिक अध्ययन विषयमा उल्लेखित विषयवस्तु, भाषा, अभ्यास र चित्रहरुले लैङ्गिक पक्षलाई कत्तिको प्रतिनिधित्व गरेको छ भन्ने कुरा पहिचान गर्न अनुसन्धानकर्ता स्वयंले पाठ्यपुस्तकमा भएका विषयवस्तु, अभ्यास, भाषा र चित्रहरुको विश्लेषण गरेको छ । साथै यसप्रति शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीबाट धारणा संकलन गर्न स्थलगत सर्वेक्षण गरी प्राप्त सूचनाहरुलाई विश्लेषण गरिएको छ ।

निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पूर्णाङ्क १०० र पाठ्यभार ५ रहेको छ (पाठ्यक्रम विकास केन्द्र, २०६४) । पाठ्यपुस्तकलाई ९ वटा एकाइमा विभाजन गरिएको छ । यस पाठ्यपुस्तकमा रहेको लैङ्गिक पक्ष सम्बन्धी अध्ययन गर्न अनुसन्धानकर्ताले पाठ्यपुस्तकको ५ वटा एकाइमा समावेश गरिएका उपशीर्षकहरुको लैङ्गिक पक्षको अध्ययन गरी प्राप्त लैङ्गिक सवाललाई विश्लेषण गर्नका लागि शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुबाट उक्त विषयप्रति धारणा संकलन गरिएको थियो भने बाँकी रहेका ४ वटा एकाइका उपशीर्षकहरुमा समावेश विषयवस्तु भूगोल, आर्थिक क्रियाकलाप, इतिहास र अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी विषयवस्तु भएकाले अनुसन्धानकर्ताले लैङ्गिक मुद्दाहरु भेटाएन । तसर्थ पाठ्यपुस्तकको ५ वटा एकाइका पाठशीर्षकमा भएका लैङ्गिक पक्ष सम्बन्धी विषयवस्तुको यथार्थ विश्लेषण तथा व्याख्या गर्ने जमर्को गरेको छु ।

### ४.१ एकाइहरु अनुसार पाठ्यपुस्तकमा समावेश विषयवस्तुको लैङ्गिक विश्लेषण

प्रस्तुत अध्ययन नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा उल्लेखित विभिन्न पाठशीर्षकका विषयवस्तु, चित्र, अभ्यास र भाषाले लैङ्गिक अवस्थालाई कसरी प्रस्तुत गरेको छ भन्ने सन्दर्भमा अध्ययनको उद्देश्य अनुसार खुल्ला प्रश्नावली र लक्षित समूह छलफल जस्ता साधनहरुको निर्माण गरी शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिबाट प्राप्त सूचनाहरुको विश्लेषण एंव व्याख्या निम्नानुसार गरिएको छ :

#### ४.१.१ हामी, हाम्रो समूदाय र राष्ट्र

नि.मा. तहको हामी, हाम्रो समुदाय र राष्ट्र एकाइमा गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, जिल्ला, अञ्चल र विकासक्षेत्र जस्ता पाठशीर्षकहरु समावेश गरिएका छन् । जसमा यी निकायहरुको परिचय, गठन, काम, कर्तव्य र अधिकार, यिनीहरुको आवश्यकता र महत्व, यि निकायहरुले

गर्ने विकास र निर्माणका कार्यहरु जस्ता विषयवस्तुहरु समावेश गरिएको छ । यी पाठशीर्षकहरुमा समावेश विषयवस्तु, चित्र, अभ्यास र भाषाले लैङ्गिक दृष्टिकोणमा के कस्ता समानता तथा असमानताहरुलाई प्रतिबिम्बित गरेका छन् भन्ने कुरालाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**क) विषयवस्तु**

निम्न माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकको एकाइ एक हामी, हाम्रो समुदाय र राष्ट्र एकाइका विभिन्न उपशीर्षकहरुमा दिइएको विषयवस्तु लैङ्गिक दृष्टिबोणबाट समान देखिएता पनि कक्षा ७ को जिल्लाको परिचय (पेज नं २) र अञ्चलको परिचय (पेज नं. ४) पाठशीर्षकमा प्रस्तुत विषयवस्तुले लैङ्गिक असमानतालाई प्रतिनिधित्व गरेको धारणा शिक्षक र स्रोतव्यक्तिबाट पाइयो । जिल्लाको परिचय र अञ्चलको परिचय पाठशीर्षकमा समावेश विषयवस्तुमा शिक्षकले छात्र विद्यार्थीलाई मात्र छलफलमा सहभागी गराउनुले छात्रा विद्यार्थीहरुलाई उपेक्षित गरेको धारणा सम्बन्धित विषयका विषय शिक्षक र स्रोत व्यक्तिबाट पाइयो । विद्यार्थीहरुको समूह माथि छलफल गर्दा पनि उल्लेखित विषयवस्तुमा लैङ्गिक असमानता भएको भन्ने सामूहिक प्रतिक्रिया रह्यो ।

अनुसन्धानकर्ताको दृष्टिकोण, शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरुको प्रतिक्रियाबाट प्रस्तुत विषयवस्तुमा महिला र पुरुष दुवैको समान दायित्व हुने कुराको बोध गराए पनि पाठको विषयवस्तुमा उल्लेखित छलफलमा छात्र विद्यार्थीलाई मात्र सहभागी गराउनुले पुरुष पक्षीय विषयवस्तु रहेको छ भनेर भन्न सकिन्छ ।

**ख) चित्र**

यस एकाइमा समावेश चित्रहरुलाई विकास निर्माणका कार्यहरुमा सहभागिताका आधारमा हेर्दा महिला र पुरुषको समान प्रतिनिधित्व, सहभागिता र सद्भाव रहेको छ । कक्षा ६ को पेज नं. २ मा समूहमा मिलेर काम गरिरहेको चित्र, कक्षा ६ कै पेज नं. १० मा समावेश गरिएको चित्र, कक्षा ७ को पेज नं. १० मा महिला र पुरुष मिलेर वृक्षारोपण गरिरहेको चित्र र कक्षा ८ को पेज नं. १० मा महिला र पुरुष मिलेर बाटो खन्दै गरेको चित्रहरुमा महिला र पुरुषको समान सहभागिता रहेको पाइन्छ । यसर्थ अनुसन्धानकर्ताको दृष्टिकोणबाट हेर्दा उक्त चित्रहरुमा समावेश क्रियाकलापमा लैङ्गिक सन्तुलन नै छ भन्न सकिन्छ ।

उल्लेखित चित्रहरुमा देखिएको कार्यव्यवहारलाई हेर्दा अगस्त कम्तेको संरचनात्मक कार्यबाद सिद्धान्तसँग सम्बन्धी छ भनेर भन्न सकिन्छ । समाजलाई व्यवस्थित गर्न र समाजको निरन्तरताका लागि समाजका प्रत्येक एकाइ क्रियाशिल भइ कार्य गर्नुपर्दछ भन्ने धारणा यस सिद्धान्तका समर्थकहरुको रहेको छ । यस सिद्धान्तमा आधारित रहेर भन्नुपर्दा उल्लेखित चित्रमा पनि महिला र पुरुषको समान क्रियाशिलता एवं प्रतिनिधित्व रहेको पाइन्छ । यसर्थ उल्लेखित चित्रमा भएको कार्यव्यवहारमा महिला र पुरुष (समाजका एकाइहरु) को समान सहभागिता देखिएकोले लैङ्गिक सन्तुलन छ भन्ने कुरा प्रष्ट हुन्छ ।

उक्त चित्रहरुमा समावेश क्रियाकलापमा विभिन्न व्यक्तिले विभिन्न तरिकाले व्याख्या गरेका छन् । जसअनुसार शिक्षकले विकास निर्माणका कार्यहरुमा महिला र पुरुष दुवैको समान सहभागिता रहेको कुरा बताएका छन् भने स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रिया अनुसार पनि महिला र पुरुषको समान सहभागिता रहेको कुरा अगाडि सारिएको छ तर महिलाहरु शारीरिक रुपमा कमजोर हुन्छन् भन्ने कुरा पुरुषले खन्ने र महिलाले गोडमेल गर्ने भन्ने कार्यबाट देखिन गएकाले अलिकति भए पनि भेदभाव हुन गएको कुरा प्रष्ट हुन्छ । छात्र/छात्राहरु माथि उल्लेखित चित्रहरुको बारेमा लक्षित समूह छलफल गराउँदा लैङ्गिक समानता भएको कुरा बताएका थिए ।

कक्षा ७ को पेज नं. ८ मा जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार पाठशीर्षकमा जिल्ला परिषद्को बैठकमा मञ्चको अगाडि उभिएर महिलालाई बोल्ने अवसर दिनु राम्रो पक्ष हुँदाहुँदै मञ्चमा महिलाको सहभागिता देखिदैन । यसले वाह्य जगत्मा महिलालाई सहभागी हुन नदिने प्रचलन रहेको देखाउँछ । (अनुसूची ७)

शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरुले महिलालाई मञ्चमा बोल्ने पालोदिनु राम्रो प्रयास हुँदाहुँदै मञ्चमा महिला सहभागिता नहुनुले महिला प्रति पक्षापात भएको देखिन्छ भन्ने समान प्रतिक्रिया दिएका थिए । यसरी शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा अनुसार महिलाको बोल्ने मञ्चमा सहभागिता नहुनु महिलालाई पहुँचभन्दा टाढा राख्न खोजेको भन्ने आसय बुझिन्छ । यसरी अनुसन्धानकर्ताको दृष्टिकोण, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको प्रतिक्रियालाई केलाउने हो भने उक्त चित्रमा लैङ्गिक असमानता रहेको छ भन्ने समान धारणा पाइएको थियो ।

**ग) अभ्यास**

अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा हामी, हाम्रो समुदाय र राष्ट्र एकाइका उपशीर्षकहरुमा महिला र पुरुष बिच विभेद गर्ने क्रियाकलापहरु समावेश नभएको पाइन्छ । यस एकाइका पाठशीर्षकहरुमा समावेश अभ्यासमा महिला र पुरुषलाई समान रुपमा लिइएको तथा महिला र पुरुष एक्लैलाई लिएर क्रियाकलापहरु समावेश नभएको पाइन्छ । उल्लेखित पाठशीर्षकहरुमा दिइएका अभ्यासहरुमा शिक्षकहरु र स्रोतव्यक्तिको प्रतिक्रिया अनुसार पनि महिला र पुरुष बिच असमानता नभएको धारणा पाइयो । यसरी अनुसन्धानकर्ता, शिक्षक तथा स्रोतव्यक्तिको धारणा अनुसार यस एकाइका अभ्यासहरुमा समावेश क्रियाकलापमा लैङ्गिक समानता भएको पाउन सकिन्छ ।

**घ) भाषा**

अनुसन्धानकर्ताको दृष्टिकोणबाट अध्ययन गर्दा हामी, हाम्रो समुदाय र राष्ट्र एकाइका उपशीर्षकहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट समान देखिन्छ । अर्थात भाषिक हिसावमा महिला र पुरुष बीच समानता भएको देखिन्छ । उल्लेखित पाठशीर्षकहरुमा भाषाको प्रयोगको हिसावमा महिला पात्रलाई मात्रै अर्थात पुरुष पात्रलाई मात्रै लिएर भेदभाव नगरिएको पाइन्छ । खुल्ला प्रश्नावलीको

माध्यमबाट शिक्षकहरु र स्रोतव्यक्तिको प्रतिक्रिया लिदा लैङ्गिक दृष्टिकोणबाट यस एकाइमा प्रयोग गरिएको भाषा समान भएको धारणा व्यक्त गरेका थिए । विद्यार्थीहरुको समूह छलफलबाट पनि समानता भएको धारणा पाइयो । यसरी भाषाको प्रयोगको हिसावले हेर्दा अनुसन्धनकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको विचारमा लैङ्गिक समानता भएको पाइन्छ ।

### ४.१.२ हाम्रा विकासका पूर्वाधारहरु

हाम्रा विकासका पूर्वाधारहरु एकाइमा शिक्षा, स्वास्थ्य, यातायात, संचार, विद्युत, खानेपानी र विकासका लागि जनशक्ति जस्ता पाठशीर्षकहरु समावेश गरिएका छन् । यी पाठशीर्षकहरुमा समावेश विषयवस्तुलाई समाज तथा देश विकासको लागि आवश्यक पूर्वाधारको रुपमा लिइएको छ । लैङ्गिक दृष्टिकोणमा यी पाठशीर्षकहरुमा समावेश विषयवस्तु, चित्र, अभ्यास र भाषाले महिला र पुरुषलाई कुन रुपमा लिएको छ भन्ने कुरालाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

#### क) विषयवस्तु

यस एकाइमा शिक्षा, स्वास्थ्य, यातायात, संचार, विद्युत, खानेपानी जस्ता उपशीर्षकहरु समावेश गरिएका छन् । अनुसन्धानकर्ताको दृष्टिकोणबाट यस एकाइमा समावेश विषयवस्तुहरुको अध्ययन गर्दै जाँदा लैङ्गिक समानता भएको देखिन्छ । जहाँ महिला र पुरुषको सामाजिक, आर्थिक, राजनीतिक तथा स्रोत एवं साधनमा समान सहभागिता र पहुँच भएको देखाइएको छ । जसले लैङ्गिक दृष्टिकोणमा महिला र पुरुष बिच असमानता नभएको कुरालाई प्रष्ट पार्दछ ।

उल्लेखित विषयवस्तुमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा अनुसार लैङ्गिक असमानता नभएको समान प्रतिक्रिया पाइयो । यसरी यस एकाइमा प्रस्तुत विषयवस्तुलाई मैले स्वयं पाठ्यपुस्तक अध्ययन गर्दा तथा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुबाट धारणा संकलन गर्दा लैङ्गिक समानता नै छ भनेर भन्न सकिन्छ ।

#### ख) चित्र

यस एकाइमा समावेश गरिएका चित्रहरुलाई अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा कक्षा ७ को पेज नं. १४ मा शिक्षा पाठमा कक्षामा महिला शिक्षकले पढाइरहेको चित्र देखाइएको छ । उक्त चित्रमा महिला शिक्षकको व्यवस्था हुनु राम्रो पक्ष हो । महिला शिक्षकले शिक्षण क्रियाकलाप गरिरहेको दृश्य लैङ्गिक दृष्टिकोणबाट सकरात्मक पक्ष मान्न सकिन्छ । यसर्थ कि पुरुष शिक्षक सरह महिला शिक्षकको व्यवस्था हुनु राम्रो पक्ष हो । अर्थात उक्त चित्रमा महिला सशक्तिकरणमा केहि प्रयास भएको छ भन्ने कुरालाई प्रस्ट्याइएको छ । चित्रमा महिलाले पढाइरहेको दृश्यलाई संरचनात्मक कार्यवादसँग जोड्न सकिन्छ । यस सिद्धान्त अनुसार समाज व्यवस्थाको निर्माण विभिन्न एकाईहरु मिलेर भएको हुन्छ । जसमा परिवार, सामाजिक समूह, मूल्यहरु, मान्यताहरु, भूमिका, संस्थाहरु, नातेदारी, वर्ग आदि पर्दछन् र यी

एकाइहरुले आत्मनिर्भर भएर आफ्नो कार्य गरिरहन्छन् । यस सिद्धान्तमा आधारित रहेर भन्नुपर्दा महिला वर्गले पनि आत्मनिर्भर भएर पुरुष सरह पढाउने कार्य गरिरहेको दृश्य उक्त चित्रमा देख्न सकिन्छ । यसरी उक्त चित्रमा महिलाहरु पनि पुरुष सरह कार्य गर्न सक्छन् भन्ने कुरा देखाउन खोजिएकाले लैङ्गिक समानता रहेको छ भन्न सकिन्छ । (अनुसूची ७)

उल्लेखित चित्रका सम्बन्धमा शिक्षकहरुले महिला शिक्षकको व्यवस्था हुनु लैङ्गिक दृष्टिकोणबाट राम्रो पक्ष भएको प्रतिक्रिया दिएका थिए भने स्रोतव्यक्तिको विचारमा महिला शिक्षकको व्यवस्था हुनुले महिलाहरुले पनि पुरुष सरह पढाउने कार्य गर्न सक्छन् भन्ने कुरा देखाउन खोजेकोले महिलालाई अगाडि बढाउन खोजेको धारणा व्यक्त गरेका थिए । विद्यार्थीहरुले महिला शिक्षकको व्यवस्था हुनु राम्रो पक्ष भएको बताएका थिए । यसरी सबैको प्रतिक्रिया अनुसार उक्त चित्र लैङ्गिक दृष्टिकोणमा महिला शिक्षिकाको व्यवस्था हुनु अति सान्दर्भिक रहेको कुरा प्रष्ट भेटिएको छ । जसले लैङ्गिक समानतालाई प्रस्ट्याएको छ ।

अनुसन्धानकर्ताको दृष्टिकोणबाट यसै एकाइको कक्षा ६ र कक्षा ८ को पेज नं. २४ खानेपानी पाठशीर्षकमा प्रस्तुत चित्रहरुमा महिलाले धारामा पानी भर्दै गरेको र धाराबाट गाग्रीमा पानी बोकेर ल्याउँदै गरेको चित्र लैङ्गिक दृष्टिकोणबाट असमान रहेको छ । जसले हाम्रो जस्तो पितृसत्तात्मक समाजले महिलाहरुलाई अगाडि बढ्न नदिएको अर्थात महिलाहरुलाई घरधन्दाको काममा सीमित गरेको प्रष्ट हुन जान्छ । उल्लेखित चित्रमा देखिएको कार्यव्यवहारलाई कार्ल मार्क्सको द्वन्द्वात्मक सिद्धान्तसँग जोडेर व्याख्या गर्न सकिन्छ । मार्क्सका अनुसार वर्गीय समाजमा राज्य भनेको एक वर्गले अर्को वर्ग माथि शोषण गर्ने हतियार मात्र हो भनेका छन् । त्यस्तै हाम्रो पितृसत्तात्मक समाजमा पुरुषहरुले महिला माथि राज्य गरिरहेका हुन्छन् । मार्क्सको सिद्धान्तमा आधारित भएर भन्नुपर्दा पुरुषहरुले महिलामाथि राज्य गरेको अर्थात महिलाहरुलाई घरधन्दाको काममा सीमित गरेको भन्ने अर्थ लाग्न जान्छ । यसर्थ भन्न सकिन्छ उक्त चित्रमा लैङ्गिक असमानता रहेको छ । (अनुसूची ७)

उल्लेखित चित्रका सम्बन्धमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले महिलाले धाराबाट पानी ल्याउँदै गरेको दृश्यले लैङ्गिक असमानतालाई प्रस्ट्याएको प्रतिक्रिया दिएका थिए । उनीहरुका अनुसार महिलालाई घरधन्दाको काममा सीमित राख्न खोजेको धारणा व्यक्त गरेका थिए । यसरी अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुका विचारहरुलाई विश्लेषण गर्दा उक्त चित्रमा महिलालाई पछाडि पार्न खोजेकोले लैङ्गिक असमानता भएको छ भनेर भन्न सकिन्छ ।

### ग) अभ्यास

अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकको हाम्रा विकासका पूर्वाधारहरु एकाइमा शिक्षा, स्वास्थ्य, यातायात, संचार, खानेपानी, विकासका लागि जनशक्ति जस्ता पाठशीर्षकहरुमा समावेश अभ्यासमा लैङ्गिक रुपमा समान क्रियाकलाप

समावेश गरिएको पाइन्छ अर्थात् महिला र पुरुषलाई समान रुपमा लिइएको पाइन्छ भने कक्षा ६ को पेज नं. २३ विद्युत पाठशीर्षकको अभ्यासमा समावेश क्रियाकलापमा छात्र-छात्र विद्यार्थी बिच संवाद गराउनु लैङ्गिक दृष्टिकोणबाट असमानपूर्ण व्यवहार हो । उल्लेखित पाठशीर्षकको अभ्यासमा भएको क्रियाकलापमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा अनुसार छात्र विद्यार्थीहरुलाई मात्र संवादमा सहभागी गराउनाले छात्र विद्यार्थीहरुलाई उत्साहित र छात्राहरुलाई निरुत्साहित गरेको प्रतिक्रिया पाइयो ।

यसरी अनुसन्धानकर्ता, शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा अनुसार यस एकाइमा समावेश अन्य पाठहरुमा दिइएका अभ्यासमा लैङ्गिक समानता भए पनि विद्युत पाठशीर्षकमा समावेश अभ्यासमा छात्र-छात्र बिचको संवाद लैङ्गिक दृष्टिकोणबाट असमान रहेको छ ।

**घ) भाषा**

यस एकाइमा समावेश पाठशीर्षकहरुमा भाषिक हिसावमा लैङ्गिक समानता भए पनि कक्षा ७ को पेज नं. १४ शिक्षा पाठशीर्षकमा महिला र पुरुष पात्रको गाउँमा भएको चेतना र अचेतनाका कारण उनीहरुको गाउँमा भएको विकास बारे प्रस्ट्याउन खोजिएको छ । यद्यपी पात्रको रुपमा पुरुषको गाउँलाई मात्र एकलौटी रुपमा पछाडि पारेको जस्तो भाषिक क्रियाकलापले विभेदको आंशका गर्न सकिन्छ ।

उल्लेखित पाठशीर्षकमा भएको भाषिक क्रियाकलापलाई मार्क्सको सिद्धान्तसँग जोड्न सकिन्छ । मार्क्सका अनुसार समाजमा सामाजिक विभेद, सीमित स्रोत र साधन, असमान न्यायप्रणाली, लैङ्गिक असमानता जस्ता विविध स्थितिहरु रहेका हुन्छन् । यस्ता स्थितिहरुले समाजमा असमानता सिर्जना गरी द्वन्द्व चर्कन जान्छ भन्ने यस सिद्धान्तको आसय हो । मार्क्सको सिद्धान्तमा आधारित भएर भन्नुपर्दा उल्लेखित क्रियाकलापमा राज्यले प्रदान गर्ने विकासका अवसरमा न्यायोचित विकास भएको पाइदैन । यसरी उक्त भाषिक क्रियाकलापले लैङ्गिक असमानता भएको कुरालाई प्रतिबिम्बित गर्दछ भन्न सकिन्छ ।

उक्त भाषिक क्रियाकलापहरुको बारेमा शिक्षकहरुले पुरुष पात्रको गाउँलाई एकपक्षीय रुपमा पछाडि परेको देखाउनु अलिकति भए पनि विभेद भएको प्रस्ट हुन्छ भन्ने प्रतिक्रिया दिएका थिए । त्यस्तै स्रोत व्यक्तिको धारणा अनुसार महिला र पुरुष पात्रलाई लिएर गाउँको विकासबारे व्याख्या विश्लेषण गर्नु समानता भए पनि एकपक्षीय रुपमा पुरुष पात्रको गाउँलाई पछाडि परेको देखाउनुले असमानता भएको प्रस्ट्याउँछ । यसरी उल्लेखित भाषिक क्रियाकलापमा अनुसन्धानकर्ता, शिक्षक र स्रोतव्यक्तिको विचारबाट केहि हदसम्म भए पनि विभेद भएको कुरा प्रस्ट हुन जान्छ ।

### ४.१.३ हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता

नि.मा. तहको हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइमा सामाजिक समानता र सद्भावना, जात, जाति, भाषा र संस्कृति, सामाजिक परम्परा, धार्मिक परम्परा र चाडपर्वहरु, राष्ट्र, राष्ट्रिय गौरव, राष्ट्रिय गान र राष्ट्रिय झण्डा, राष्ट्र र राष्ट्रियता, मान्यजन प्रति शिष्टाचार, राष्ट्रिय

सम्पदाको परिचय र संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरु, सामाजिक संघसंस्थाहरु जस्ता पाठशीर्षकहरु समावेश गरिएका छन् । जसमा हाम्रो समाजमा रहेका सामाजिक मूल्य-मान्यताहरु र हाम्रो राष्ट्र र राष्ट्रिय गौरवको लागि विभिन्न जात, जाति बिच भएको एकता, सहिष्णुता र संस्कृतिबारे विषयवस्तुहरु समावेश गरिएका छन् । यस एकाइका पाठशीर्षकहरुमा समावेश विषयवस्तु, चित्र, अभ्यास र भाषाले महिला र पुरुषलाई कुन रुपमा लिएको छ भन्ने कुरालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) विषयवस्तु**

अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइमा सामाजिक समानता, सामाजिक सद्भावना, राष्ट्र, राष्ट्रिय गौरव, राष्ट्रिय गान र राष्ट्रिय झण्डा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरु, प्रजातान्त्रिक व्यवस्था, सामाजिक संघसंस्थाहरु पाठमा समावेश गरिएको विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट समान देखिन्छ । यी पाठशीर्षकहरुमा महिला र पुरुष बिच लैङ्गिक असमानता ल्याउने क्रियाकलाप समावेश भएको पाइदैन । यी पाठशीर्षकहरुमा दिइएको विषयवस्तुमा लैङ्गिक सचेतना जगाउने विषयवस्तु समावेश गरिनुको साथै महिला र पुरुषको समान प्रतिनिधित्व र सहभागिता गराइएको पाइन्छ । जसले महिला र पुरुष बीच विभेद नभएको कुरा प्रस्ट हुन जान्छ । शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले पनि यी पाठहरुमा समावेश विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट समान भएको प्रतिक्रिया दिएका थिए । यसरी उल्लेखित पाठहरुमा समावेश विषयवस्तु अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको विचारमा महिला र पुरुषको समान प्रतिनिधित्व र सहभागिता रहेकोले लैङ्गिक रुपमा समान रहेको छ भनेर भन्न सकिन्छ ।

यसै एकाइमा समावेश विषयवस्तुहरु जात, जाति, भाषा र संस्कृति (कक्षा ७, पेज नं २८), धार्मिक परम्परा र चाडपर्वहरु (कक्षा ७, पेज नं. ३०) पाठशीर्षकमा समावेश विषयवस्तुमा लैङ्गिक असमानता भएको पाइन्छ । कक्षा ७ को पेज नं. २८ जात, जाति, भाषा र संस्कृति पाठमा “कुल” शब्दको प्रयोग गरिएको पाइन्छ । जसको शाब्दिक अर्थ पितापूर्खा देखिको सम्बन्ध भन्ने हुन्छ । यस शब्दले पुरुषहरुलाई मात्र प्रतिनिधित्व गरेको र महिलाहरुको अपमान गरेको छ भन्न सकिन्छ । त्यस्तै कक्षा ७ कै पेज नं. ३० धार्मिक परम्परा र चाडपर्वहरु पाठमा ‘तिजमा हिन्दु नारीहरु इच्छा मूताविकको पति पाउनका लागि र आफु सौभाग्यवती रहनका लागि ब्रत बस्छन्’ भनेर उल्लेख गरिएको छ । यसले महिलाले पुरुषका लागि ब्रत वस्नुपर्ने, पुरुषको सेवा गर्नुपर्ने अर्थात् दास भएर वस्नुपर्ने भन्ने अर्थ लाग्न जान्छ । जसले लैङ्गिक असमानतालाई प्रतिनिधित्व गर्दछ ।

उल्लेखित विषयवस्तुमा देखिएको कार्यव्यवहारलाई मार्क्सको द्वन्द्व सिद्धान्तसँग जोडेर व्याख्या गर्न सकिन्छ । मार्क्सका अनुसार जुनसुकै समाजमा दुई वर्ग हुन्छन्- शोषक र शोषित । समाजको त्यो वर्ग जोसँग उत्पादनका साधनहरु हुन्छन् त्यसलाई शोषक र जससँग बाच्ने आधार श्रम बाहेक केहि हुँदैन त्यो वर्ग शोषित वर्ग हो भन्ने धारणा मार्क्सको हो । उल्लेखित विषयवस्तुलाई मार्क्सको द्वन्द्व सिद्धान्तमा

आधारित भएर विश्लेषण गर्दा महिलाहरुले पुरुष वर्गको हितका लागि काम गर्नुपर्ने अर्थात पुरुषहरुको दास भएर बस्नुपर्ने भन्ने अर्थ लाग्न जान्छ । यसरी महिलाले पुरुषको हितका लागि पुरुषले भने अनुरुप काम गर्नुपर्ने भन्ने अर्थ लाग्न गएकाले महिला र पुरुष बीच असमानता भएको प्रस्ट हुन जान्छ ।

उल्लेखित विषयवस्तुमा शिक्षकहरु, स्रोतव्यक्ति विद्यार्थीहरुले लैङ्गिक असमानता भएको प्रतिक्रिया जनाए । शिक्षकको विचारमा "कुल" शब्दले महिलालाई निरुत्साहित गरेको प्रतिक्रिया दिए भने स्रोतव्यक्तिको विचारमा यसले पितृसत्तालाई बढावा दिएको प्रतिक्रिया जनाए । त्यस्तै धार्मिक परम्परा र चाडपर्वहरु पाठमा समावेश विषयवस्तु लैङ्गिक रुपमा असमान रहेको प्रतिक्रिया जनाए । विद्यार्थीहरुको समूहमाथि छलफल गर्दा लैङ्गिक विभेद भएको धारणा राखेका थिए । यसरी सबैको प्रतिक्रिया अनुसार उल्लेखित पाठहरुमा समावेश गरिएको विषयवस्तुमा लैङ्गिक असमानता भएको प्रस्ट हुन जान्छ ।

**ख) चित्र**

यस एकाइमा समावेश चित्रहरुलाई अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा लैङ्गिक समानता र विभेद दुवै रहेको पाइन्छ । कक्षा ७ को पेज नं ३२ राष्ट्र र राष्ट्रियता पाठमा प्रस्तुत चित्रमा पत्रकारले एकजना महिलाका विचारलाई लिइरहेको देखिन्छ । उक्त चित्रले "महिला र संचार तथा महिला सशक्तिकरण" लाई जोड दिएको कुरा चित्रगत अध्ययनबाट प्रस्ट थाहा हुन्छ । शिक्षकहरुको प्रतिक्रिया अनुसार महिलालाई विचार व्यक्त गर्ने अवसर दिइएको हुनाले महिला सशक्तिकरण गर्ने प्रयास अर्थात पितृसत्तात्मक समाजमा महिलालाई पुरुष सरह ल्याउने प्रयास हो भन्ने कुरा पाइयो । त्यसैगरी स्रोतव्यक्तिको विचारमा पुरुषलाई प्रश्नकर्ताको रुपमा महिलालाई निर्भिक उत्तरदाताको रुपमा संचारमा पहुँच दिलाउन गरिएको प्रयास हो भनेर भन्न सकिन्छ । विद्यार्थीहरुको समूह माथि छलफल गराउँदा महिलाहरुका आवाजलाई अगाडि ल्याउने प्रयास भएको धारणा राखेका थिए । यसरी उल्लेखित चित्रमा भएको कार्यव्यवहारलाई हेर्दा अनुसन्धानकर्ता, शिक्षक, स्रोतव्यत्ति र विद्यार्थीहरुबाट महिलालाई बोल्ने अवसर दिनु महिलाका आवाजलाई संचारमा अभिव्यक्ति गर्ने अवसर प्रदान गर्नु हो भन्ने भेटियो । जसले लैङ्गिक समानता तथा सशक्तिकरणलाई प्रस्ट पारेको छ । (अनुसूची ७)

कक्षा ७ कै पेज नं. ३९ सामाजिक संघसंस्थाहरु पाठशीर्षकमा "महिला आश्रम र तालिम केन्द्र" को चित्रले महिलालाई आश्रम र तालिम केन्द्रको व्यवस्थाले उनीहरुलाई मानसिक रुपमा अझै हामी धेरै पछाडि परेको भन्ने व्यवहोरा देखाउन खोजिएको छ । त्यसकारण तालिम र आश्रमको व्यवस्था गरिदै छ भन्ने कुरा देखिन जान्छ । अर्कोतिर वाह्य परिवेशमा आधारित रहेर भन्नुपर्दा आश्रम तथा तालिमले महिला सशक्तिकरण प्रयास हुन सक्दछ भन्ने कुरालाई प्रस्ट्याएको छ । यसले महिलाको विभिन्न क्रियाकलाप, प्रतिभाहरुले लैङ्गिक समानता कायम गर्न जोड दिने गर्दछ । यसरी महिला आश्रम तथा तालिम केन्द्रले महिलाहरुको प्रतिभालाई प्रस्फुटन गराउन सघाउ पुऱ्याउन सक्दछ भन्न सकिन्छ ।

उल्लेखित चित्रको बारेमा शिक्षकहरुले महिला आश्रम र तालिम केन्द्रको व्यवस्था लैङ्गिक रुपमा त्यति राम्रो नभएता पनि आर्थिक र सामाजिक सशक्तिकरणमा एकदमै सकरात्मक भूमिका खेल्दछ भन्ने प्रतिक्रिया दिएका थिए । त्यसैगरी स्रोतव्यक्तिका अनुसार लैङ्गिक रुपमा सशक्तिकरणलाई नै जोड दिइएको छ भन्ने कुरा भेटियो । जस अनुसार तालिम केन्द्र खोल्नु, आश्रम खोल्नु राम्रो भएता पनि महिलाहरु अझै असुरक्षित छन् भन्ने प्रतिक्रिया पाइयो । विद्यार्थीहरुले पनि महिलाहरुको हितको लागि महिला आश्रम र तालिम केन्द्रको व्यवस्था भएको प्रतिक्रिया दिएका थिए ।

उल्लेखित चित्रलाई विभिन्न कोणबाट विश्लेषण गरेको भनाइलाई संयोजन गर्दा महिलाहरुलाई आश्रम, तालिम केन्द्र स्थापना गर्नु सशक्तिकरणको राम्रो प्रयास हो । तर आश्रम र तालिम केन्द्रले महिलालाई अझै असुरक्षित पारेको भन्ने भान पर्न गएको बुझिन्छ । यसर्थ लैङ्गिक समानता र विभेद दुवै छ भनेर भन्न सकिन्छ ।

**ग) भाषा**

भाषिक हिसावमा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइमा समावेश पाठशीर्षकहरु सामाजिक परम्परा, राष्ट्रिय सम्पदाको परिचय र संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व, सामाजिक संघसंस्थाहरु, सामाजिक समानता र सद्भावना, राष्ट्र, राष्ट्रिय गौरव, राष्ट्रिय गान र राष्ट्रिय झण्डा, मान्यजनप्रति शिष्टाचार, प्रजातान्त्रिक व्यवस्था आदि पाठमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट समान देखिन्छ । तर कक्षा ७ को पेज नं. २८-३० मा जातजाति, भाषा र संस्कृति, धार्मिक परम्परा र चाडपर्वहरु पाठशीर्षकहरुमा प्रयोग गरिएका भाषिक शब्दावलीहरु लैङ्गिक दृष्टिकोणबाट असमान रहेका छन् । जातजाति, भाषा र संस्कृति पाठमा "कुल" शब्दको प्रयोग गरिनु, धार्मिक परम्परा र चाडपर्वहरु पाठमा "हिन्दु नारीहरु इच्छा मुताविकको पनि पाउनका लागि र सौभाग्यवति हुनका लागि तिजमा ब्रत बस्छन्" जस्ता भाषिक शब्दावलीको प्रयोग गरिनुले लैङ्गिक असमानता भएको कुरालाई इंगित गर्दछन् । यसरी यस्ता भाषिक शब्दावलीको प्रयोगले महिलाहरुको मनोभावनामा चोट पर्न गएको तथा पुरुष पक्षीय रहेको र महिलाहरुलाई पछाडि पारेको कुरा प्रस्ट हुन जान्छ ।

उल्लेखित सन्दर्भमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले पनि भाषिक हिसावमा यी पाठहरुमा प्रयोग गरिएको भाषाले लैङ्गिक असमानता भएको प्रतिक्रिया जनाएका छन् । यस्ता भाषिक शब्दावलीहरुको प्रयोगले महिलाहरुलाई निरुत्साहित गरेको धारणा राखेका थिए । यसरी यी पाठहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक रुपमा असमान रहेको छ ।

**घ) अभ्यास**

अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइका पाठशीर्षकहरुमा उल्लेखित अभ्यासहरुमा दिइएका क्रियाकलापमा लैङ्गिक रुपमा समानता ल्याउने क्रियाकलापहरु समावेश गरिएता पनि कक्षा ६ को पेज नं. २८ मा सामाजिक समानता, कक्षा ६ कै पेज

नं. ३४ मा हाम्रा चाडपर्वहरु र कक्षा ६ कै पेज नं. ४० मा राष्ट्रिय व्यक्तित्वहरु पाठमा समावेश क्रियाकलापमा लैङ्गिक रुपमा असमानता रहेको पाइन्छ । सामाजिक समानता र राष्ट्रिय व्यक्तित्वहरु पाठमा समावेश अभ्यासमा स्थानीय समूदायमा महिलाले गरेको समाज सेवा तथा योगदानको बारेमा क्रियाकलापहरु दिइएको छ । जसले समाजको विकासमा महिलालाई अगाडि बढाउन खोजे पनि पुरुषको अनुपस्थिति हुनुले लैङ्गिक रुपमा विभेद नै हो भन्न सकिन्छ । त्यस्तै हाम्रा चाडपर्वहरु पाठशीर्षकमा समावेश अभ्यासमा 'महिलाका निम्ति छठ पर्वको महत्व' बारे उल्लेख गरिएको छ । यस विषयवस्तुले छठमा महिलाले घरपरिवारका सदस्यहरुको सुस्वास्थ्यको लागि सूर्यजीको पूजा गर्नुपर्ने कुरालाई इंगित गरेको छ । जसले महिलाले मात्र घरपरिवारको सुस्वास्थ्यमा विचार पुऱ्याउनुपर्ने, पुरुषहरुले केहि नगरे पनि हुने भन्ने कुरालाई प्रस्ट पारेको छ ।

उल्लेखित क्रियाकलापमा शिक्षक तथा स्रोतव्यक्तिको विचारमा समाजको विकास तथा सार्वजनिक कार्यहरुमा योगदान गर्न महिला र पुरुषको उत्तिकै भूमिका भए पनि एकलौटी महिलाहरुले समाजमा पुऱ्याएको योगदान बारे क्रियाकलाप समावेश गर्नु महिला सशक्तिकरणका लागि सकारात्मक पक्ष भए पनि पुरुषको अनुपस्थिति रहनु थोरै भए पनि लैङ्गिक रुपमा विभेद नै हो भन्ने प्रतिक्रिया दिएका छन् । विद्यार्थीहरुले पनि पुरुषहरुलाई सहभागी नगराइनुले असमानता भएको भन्ने धारणा राखेका थिए । त्यस्तै हाम्रा चाडपर्वहरु पाठमा समावेश अभ्यासमा छठपर्वमा महिलाहरुले घरपरिवारको सुस्वास्थ्यको लागि सूर्यजीको पूजा गर्छन् भनेर भनिएको छ । उक्त क्रियाकलापका बारेमा शिक्षक र स्रोतव्यक्तिले घरपरिवारको सुस्वास्थ्यमा पुरुष र महिलाको समान जिम्मेवारी हुनुपर्ने हो, तर महिलालाई घरपरिवारमा सीमित राखी उनीहरुले नै पुरुषको लागि सबै काम गर्नुपर्ने, पुरुषले केहि नगरे पनि हुने भन्ने भान पर्न जान्छ भनि समान प्रतिक्रिया दिएका थिए । विद्यार्थीहरुको समूह छलफलबाट पनि महिलाहरुलाई घरपरिवारको हेरचाहमा सीमित गरेको भन्ने धारणा पाइयो । यसले पनि प्रस्ट हुन्छ कि यहाँ लैङ्गिक विभेद भएको छ भनेर भन्न सकिन्छ । यसरी अनुसन्धानकर्ता र अन्य सबैका विचारहरुलाई विश्लेषण गर्दा उल्लेखित क्रीयकलापमा लैङ्गिक असमानता भएको छ भनेर भन्न सकिन्छ ।

### ४.१.४ समाज, सामाजिक समस्या र विकृतिहरु

समाज, सामाजिक समस्या र विकृतिहरु एकाइमा समाजको उत्पत्ति र विकास, सामाजिक समस्याका लक्षणहरु, सामाजिक समस्या र विकृति, सामाजिक समस्या निराकरणका उपायहरु, हाम्रो समाज र सामाजिक जीवन, सामाजिक अन्तरसम्बन्ध, सामाजिक समस्याका कारणहरु, सामाजिक विकृतिबाट बच्ने उपाय, सामाजिक प्रचलन, सामाजिक असमानता, सामाजिक विकृतिबाट बचाउन स्थानीय निकायको भूमिका जस्ता पाठशीर्षकहरु समावेश गरिएका छन् । जसमा हाम्रो सामाजिक जनजीवन के कस्तो रहेको छ, हाम्रो समाजमा विकृति पैदा गर्न के कस्ता तत्वहरुले भूमिका निभाएका छन्, ति विकृतिहरु के कारणले गर्दा उत्पत्ति भएका हुन्, समाजमा भएका यस्ता विकृतिहरु रोक्न हाम्रो समाजले निभाएको भूमिकाका सम्बन्धमा विषयवस्तुहरु समावेश गरिएका छन् । यस एकाइमा समावेश

यी पाठशीर्षकहरुमा उल्लेख गरिएका विषयवस्तु, चित्र, अभ्यास, भाषाले लैङ्गिक दृष्टिकोणमा महिला र पुरुषलाई कुन रुपमा उभ्याएको छ अर्थात महिला र पुरुष बीच के कस्ता समानता तथा असमानताहरु रहेका छन् भन्ने कुरालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) विषयवस्तु**

समाज, सामाजिक समस्या र विकृतिहरु एकाइका पाठशीर्षकहरुमा समावेश विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट एकदमै विभेदपूर्ण रहेको छ । कक्षा ८ को पेज नं. ४६ मा सामाजिक प्रचलन, कक्षा ८ को पेज नं. ४८ मा सामाजिक असमानता, कक्षा ८ को पेज नं. ५० मा सामाजिक समस्या र कक्षा ७ को पेज नं. ४६ मा सामाजिक समस्याका कारणहरु पाठमा समावेश विषयवस्तुले महिलाहरु माथि भएको अन्यायपूर्ण व्यवहारलाई उजागर गरेको छ । यस्ता विषयवस्तुले संसारकै जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरुको मनोभावनामा चोट पुऱ्याएको प्रस्ट हुन जान्छ ।

कक्षा ८ को पेज नं. ४६ सामाजिक प्रचलन पाठमा समावेश विषयवस्तुमा हाम्रो समाजमा भएका विभिन्न जातजातिमा रहेका प्रचलनहरु जन्म, विवाह, मृत्यु, प्रमुख चाडपर्वहरु आदिको बारेमा विषयवस्तुहरु समावेश गरिएका छन् । उल्लेखित विषयवस्तुमा शेर्पा र मगर जातिमा “जारी विवाह” गर्ने प्रचलन रहेको विषयवस्तु समावेश गरिएको छ । जसको शाब्दिक अर्थ अर्काकि श्रीमतीलाई फकाएर वा अपहरण गरेर आफ्नै श्रीमती बनाउनु भन्ने हुन्छ । समाजमा रहेका यस्ता किसिमका कुप्रचलनले महिलामाथि सरासर अन्याय भएको प्रतिबिम्बित हुन जान्छ । यस्ता किसिमका विषयवस्तुले महिलाहरुको मानसिकतामा चोट पुऱ्याउँछन् । यसरी भन्न सकिन्छ कि यस्ता कुराहरु लैङ्गिक दृष्टिकोणबाट एकदमै विभेदपूर्ण रहेका छन् । उल्लेखित विषयवस्तुमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा अनुसार महिलाहरु माथि घोर अन्याय भएको प्रतिक्रिया दिएका छन् । उनीहरुका अनुसार यसले महिला माथि हिंसात्मक व्यवहार भएको कुरालाई देखाउँछ र यो हाम्रो समाजमा रहेको कुसंस्कार हो भनेर भन्न सकिन्छ । यस्ता किसिमका व्यवहारबाट सरासर लैङ्गिक विभेद भएको कुरा प्रस्ट हुन जान्छ ।

त्यस्तै कक्षा ८ कै पेज नं. ४८ र ५० मा सामाजिक समस्या र सामाजिक असमानता पाठशीर्षकमा भोलाप्रसादले नारीलाई अपहेलना गर्थे, आर्थिक रुपमा कमजोर र पिछडिएको समाजमा आर्थिक प्रलोभन देखाइ छोरी तथा दिदीबहिनीहरुलाई बेच्न बाध्य तुल्याउँछन्, बलात्कार, अनमेल विवाह जस्ता विषयवस्तुहरु समावेश गरिएका छन् । जसमा पुरुषहरुले महिलामाथि गर्ने नराम्रो व्यवहार तथा आर्थिक स्थिति कमजोर भएकै कारण महिलाहरुलाई देहव्यापार गर्न बाध्य तुल्याइएको र पुरुषहरु भन्दा शारीरिक रुपमा कमजोर भएका कारण पुरुषहरुको हिंसात्मक व्यवहार सहन् गरी बलात्कृत हुनुपरेको जस्ता कुराहरुले लैङ्गिक विभेद भएको कुरा प्रस्ट हुन जान्छ । यसरी भन्न सकिन्छ कि समाज तथा राष्ट्र विकासको लागि समान जिम्मेवारी बोकेका महिलामाथि पुरुषहरुले गर्ने यस्ता व्यवहारले उनीहरुमाथि घोर अन्याय भएको कुरा प्रस्ट हुन जान्छ ।

उल्लेखित विषयवस्तुमा शिक्षकहरु र स्रोतव्यक्तिले महिलाहरु माथि अन्याय भएको र यसले महिलाहरुको मनोभावनामा चोट पुऱ्याएको प्रतिक्रिया जनाएका थिए । यस्ता किसिमका विषयवस्तु पाठ्यपुस्तकमा समावेश गरिनुले छात्रा विद्यार्थीहरुलाई मानसिक रुपमा चोट पुऱ्याउने कुरा बताएका छन् । आर्थिक स्थिति कमजोर भएकै कारण वस्तु सरह किनबेच गरिनुले महिलाहरु माथि भएको अपराधजन्य व्यवहारलाई उजागर गर्दछ भन्ने प्रतिक्रिया दिएका छन् । विद्यार्थीहरुको समूह छलफलबाट प्राप्त धारणाबाट पुरुषले महिलामाथि अन्यायपूर्ण व्यवहार भएको बताएका छन् । यसले लैङ्गिक विभेद भएको कुरालाई प्रस्ट पार्दछ ।

यसै एकाइको कक्षा ७ को पेज नं. ४६ सामाजिक समस्याका कारणहरु पाठमा "छोरीलाई शिक्षित बनाउनुहुँदैन, धेरै दाइजो दिनुपर्छ, छोरी विकाउन गाह्रो हुन्छ, अशिक्षित समाजमा धेरै पढेकी छोरीलाई कसले पो विवाह गर्छ र ? सोनवाका पिता प्रभुनारायणलाई छोरीको पढाइ छुटाउँदा कुनै पछुतो छैन" जस्ता लैङ्गिक विभेदपूर्ण विषयवस्तुहरु समावेश गरिएका छन् । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (सन् २००१-२०१५) मा सन् २००५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाइ सन् २०१५ सम्ममा गुणस्तरयुक्त आधारभूत शिक्षाको उच्च उपलब्धि प्रति बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गर्ने तर्फ ध्यान केन्द्रित गरी शिक्षामा लैङ्गिक समानता हासिल गर्ने कुरा उल्लेख गरिएको पाइन्छ । तर पाठ्यपुस्तकमा समावेश यस्ता कार्यव्यवहारले रुढिवादी पितृसत्तात्मक मानसिकतालाई प्रतिबिम्बित गरेको छ । पाठ्यपुस्तकमा समावेश उक्त विषयवस्तुले छोरी माथि गरेको व्यवहारलाई लिङ्गीय अपराध जस्तो ठहरिन्छ । अर्थात यस्ता विषयवस्तुले छात्राहरु माथि भावनात्मक चोट पर्न सक्ने प्रबल सम्भावना देखिन्छ । हाम्रो जस्तो अशिक्षित समाजमा छोरीले बुबाआमालाई घरधन्दामा सघाउनुपर्ने, अर्काको घरमा जाने छोरीलाई नपढाए पनि हुन्छ, छोरालाई मात्र पढाउनुपर्छ भन्ने सन्देश दिन खोजेको देखिन्छ । पाठ्यपुस्तकमा समावेश यस्ता विषयवस्तुहरुले सरासर लैङ्गिक विभेद भएको कुरा प्रस्ट पारेका छन् ।

उल्लेखित विषयवस्तुमा शिक्षकहरुले छोरीलाई बुबाआमाको आर्थिक भारको रुपमा लिइएको र छोरीले धेरै पढेमा पढेको ज्वाइ पाउन गाह्रो पर्ने र दाइजो पनि दिनुपर्ने भन्ने कुराको भान पर्न गएको प्रतिक्रिया दिएका थिए । स्रोतव्यक्तिले लैङ्गिक दृष्टिकोणमा समान व्यवहार नभएको तथा महिलामाथि घोर अन्याय भएको, सामाजिक कुरीति र अन्धविश्वासमा रुमलिराखेको अर्थात विभेदकारी नीति अपनाएको कुरा पाइयो । विद्यार्थीहरुको लक्षित समूह छलफलबाट पनि छोरा र छोरी माथि विभेदपूर्ण व्यवहार गरिएकोले असमानता रहेको धारणा राखेका थिए । यी प्रतिक्रियाहरुबाट पनि उल्लेखित विषयवस्तुमा लैङ्गिक विभेद भएको प्रस्ट हुन्छ । यसरी अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको प्रतिक्रियालाई विश्लेषण गर्दा महिलाहरु माथि घोर अन्याय भएको र रुढिवादी पितृसत्तात्मक मानसिकताबाट ग्रसित समाजमा महिलाहरुलाई चोट पर्न गएको भन्ने अर्थ लाग्न जान्छ । यस्ता किसिमका अभिव्यक्तिले सरासर लैङ्गिक विभेद भएको कुरालाई प्रस्ट्याएका छन् ।

ख)     चित्र

समाज, सामाजिक समस्या र विकृति एकाइमा समावेश चित्रहरुलाई अध्ययन गर्दै जाँदा लैङ्गिक समानता र विभेद दुवै कुरालाई प्रस्तुत गरिएको पाइन्छ । यस एकाइमा उल्लेखित पाठहरु कक्षा ७ को पेज नं. ४८ मा सामाजिक विकृतिबाट बच्ने उपाय पाठमा महिलाले मञ्चमा भाषण गरिरहेको चित्र र कक्षा ७ को पेज नं. ५० मा सामाजिक विकृति हुन नदिन व्यक्ति, परिवार र विद्यालयको भूमिका पाठमा पारिवारिक सहभागिताको चित्रमा लैङ्गिक समानता भएको पाइन्छ भने कक्षा ७ को पेज नं ४६ मा सामाजिक समस्याका कारणहरु पाठमा महिलालाई दाइजो दिएको चित्र र कक्षा ८ को पेज नं. ५२ मा सामाजिक विकृति पाठमा लागु पदार्थ सेवन गरी महिलालाई कुटपिट गरेको चित्रले लैङ्गिक असमानता भएको कुरालाई प्रस्ट पारेका छन् ।

कक्षा ७ पेज नं ४८ सामाजिक विकृतिबाट बच्ने उपाय पाठमा महिलाले मञ्चमा भाषण गरिरहेको दृश्य देखाइएको छ । उक्त चित्रमा महिलाले भाषण दिइरहेको दृश्यलाई समानतासँग जोड्न सकिन्छ । तर चित्रमा महिलाले मञ्चमा गएर बोलेको कुराले महिलाको स्थान उच्च छ भन्ने पुष्टी गर्दछ । (अनुसूची ७)

यसै गरी महिला पनि पुरुष सरह अगाडि बढेर देश तथा समाज विकासका लागि स्वतन्त्र भएर विचार व्यक्त गर्न सक्षम् छन् भन्ने कुरालाई उक्त चित्रले प्रस्ट्याएको कुरा स्रोतव्यक्तिको प्रतिक्रियाबाट पाइयो । शिक्षकहरुका अनुसार महिलालाई पुरुष सरह उभ्याएको कार्यले लैङ्गिक रुपमा समान तुल्याउन गरेको राम्रो प्रयास हो र उक्त चित्रले समाजमा महिला पनि विचार राख्ने, सामाजिक कार्यक्रममा सहभागिता जनाउनमा पुरुष सरह अग्रसर रहेको वा रहन सक्ने भन्ने प्रतिक्रिया पाइयो । त्यसैगरी महिलालाई बोल्ने पालो दिनु राम्रो प्रयास हो भनेका छन् । विद्यार्थीहरुले पनि महिलालाई मञ्चमा बोल्ने अवसर प्रदान गर्नुले लैङ्गिक समानता भएको भन्ने विचार राखेका थिए ।

कक्षा ७ को पेज नं. ५० मा सामाजिक विकृति हुन नदिन व्यक्ति, परिवार र विद्यालयको भूमिका पाठमा गाइको दुध दुहुने कार्यमा महिला र पुरुष दुवै सहभागी भएर उक्त क्रियाकलाप भएको प्रतिबिम्बित गराइएको छ । उक्त चित्रमा हेर्दा महिला र पुरुषको बराबर सहभागिता रहेको देख्न सकिन्छ । अर्थात् महिला र पुरुष बराबरी मिलेर सद्भाव तरिकाले कार्य गर्नुपर्छ भन्ने कुरा प्रस्ट पार्न खोजेको छ । (अनुसूची ७)

यसलाई स्रोतव्यक्तिले महिला र पुरुषको समान भूमिका देखाएको भन्ने प्रतिक्रिया जनाए । शिक्षकहरुले पनि समान कार्य भएको तथा घरायसी कामकाजमा महिला र पुरुषको सक्रिय सहभागिता रहेको भन्ने प्रतिक्रिया दिएका छन् । विद्यार्थीहरुको लक्षित समूहबाट पनि महिला र पुरुषले मिलेर काम गरेको भन्ने प्रतिक्रिया दिएका थिए । यसर्थ महिला र पुरुषलाई बराबर कार्य गर्छन भन्ने कुरा देखाइएकोले लैङ्गिक रुपमा समानता रहेको छ भन्न सकिन्छ । उल्लेखित चित्रहरुमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको विचारलाई विश्लेषण गर्दा महिला र पुरुष बिच असमानता नभएको कुरा प्रस्ट हुन जान्छ ।

कक्षा ७ को पेज नं. ४६ मा सामाजिक समस्याका कारणहरु भन्ने पाठमा उल्लेखित चित्रमा महिलालाई दाइजो लिनेदिने रुपमा देखाइएको छ । अर्थात दाइजो प्रथाले गर्दा महिलालाई किनबेचको रुपमा लिएको जस्तो व्यवहोरा उक्त चित्रबाट प्रस्ट हुन्छ । उक्त पाठमा लेखकले समाजमा भएका कुसंस्कार र विकृतिलाई अगाडि ल्याउने प्रयास गरेका छन् । उक्त पाठमा छोरीहरुलाई धेरै पढाएमा धेरै दाइजो दिनुपर्ने जस्ता संकुचित विचारलाई हतोत्साहित गर्न कोसिस गरिएको छ । (अनुसूची ७)

उल्लेखित चित्रका सम्बन्धमा स्रोतव्यक्तिले महिलालाई पीडित र पुरुषहरुको निर्णय अनुसार जानुपर्ने र पुरुष एक मुक दर्शक भएर महिलाको पिडालाई वास्ता नगर्ने व्यक्तिको रुपमा चित्रण गरेको प्रतिक्रिया दिएका छन् । शिक्षकहरुका अनुसार महिलालाई दाइजो प्रथासँग जोडेको जसले गर्दा महिलालाई हेर्ने दृष्टिकोण नराम्रो रहेको र महिलाको शोषण पक्षलाई उभ्याएको, यसले विभेदकारी नीतिलाई प्रस्ट्याएको कुरा पाइयो । यो एउटा सामाजिक विकृति हो, जसले महिलालाई शोषण गरेको व्यवहोरा प्रस्ट छ भन्ने भावना व्यक्त गरेको पाइयो । विद्यार्थीहरुको समूहमाथि छलफल गर्दा महिलालाई दाइजो लिने व्यक्तिको रुपमा उभ्याएको कुरा चित्रबाट प्रस्ट भएको पाइयो ।

कक्षा ८ को पेज नं. ५२ मा सामाजिक विकृति पाठमा लागु पदार्थ सेवन गर्दा हुने परिणामको चित्रमा पुरुषहरु जम्मा भएर रक्सी खादै गरेको, बाटोमा एकजना पल्टिएर वान्ता गर्दै गरेको र रक्सी खाएर महिलालाई कुटपिट गरेको दृश्य देखाइएको छ । उक्त दृश्यबाट पुरुषले महिलामाथि शोषण दमन गरी कुटपिट गर्नुले महिलामाथि अन्याय भएको प्रस्ट हुन जान्छ । लैङ्गिक दृष्टिकोणबाट यस्तो क्रियाकलाप गर्नु एकदमै विभेदपूर्ण रहेको कुरा चित्रबाट प्रतिबिम्बित हुन जान्छ । (अनुसूची ७)

उल्लेखित चित्रका सम्बन्धमा शिक्षकहरुले पुरुषले महिलालाई शोषण गरेको र पुरुषले जे गरे पनि महिलाले सहनुपर्ने कुरा चित्रमा देखाइएको भन्ने प्रतिक्रिया दिएका छन् । स्रोतव्यक्तिले यो महिलामाथि भएको अन्याय हो र यस्ता किसिमका व्यवहारले सामाजिक विकृति फैलिन जान्छ भन्ने प्रतिक्रिया दिएका थिए । विद्यार्थीहरुको समूह छलफलबाट प्राप्त धारणा अनुसार पुरुषहरुले महिलाहरुमाथि नराम्रो व्यवहार गरेको बताएका छन् । महिला माथि भएका यस्ता व्यवहारले लैङ्गिक असमानता भएको कुरा प्रस्ट हुन जान्छ । यसरी सबैको प्रतिक्रियालाई विश्लेषण गर्दा यस्ता किसिमका सामाजिक विकृतिले महिलामाथि अन्याय भएको कुरा प्रस्ट पार्दछ । लैङ्गिक दृष्टिकोणबाट महिलामाथि यस्ता व्यवहार गरिनु सरासर विभेद हो भन्ने कुरा प्रस्ट हुन जान्छ ।

**ग) भाषा**

भाषिक हिसावमा समाज, सामाजिक समस्या र विकृति एकाइमा समावेश गरिएका पाठशीर्षकहरु अध्ययन गर्दै जाँदा कक्षा ६ को पेज नं ४८ मा सामाजिक समस्याका लक्षणहरु, कक्षा ८ को पेज नं. ४६ मा सामाजिक प्रचलन, कक्षा ८ को पेज नं. ४८ मा सामाजिक असमानता र कक्षा ८ को पेज नं. ५० मा सामाजिक समस्या जस्ता पाठहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट

एकदमै विभेदपूर्ण रहेको छ । यी पाठहरुमा प्रयोग गरिएका भाषिक शब्दावलीहरु चेलिवेटी बेचविखन, देहव्यापार, जारी विवाह, बाल विवाह, अनमेल विवाह, चेलिवेटी ओसारपसार, बलात्कार, छोरीलाई शिक्षित बनाउनु हुँदैन, धेरै दाइजो दिनुपर्छ, अशिक्षित समाजमा धेरै पढेकी छोरीलाई कसले पो विवाह गर्छ र ? पढ्दै गरेकी छोरीलाई पढाइ छुटाउँदा उनका पितालाई कुनै पछुतो छैन जस्ता लैङ्गिक विभेदपूर्ण भाषिक शब्दावलीको प्रयोग गरिएको पाइन्छ । यस्ता किसिमका भाषिक शब्दावलीको प्रयोगले महिलाहरु प्रति घोर अन्याय भएको र महिलाहरुलाई शोषण दमन गरिएको व्यहोरा प्रतिबिम्बित हुन जान्छ । पाठ्यपुस्तकमा समावेश यस्ता कुराहरुले छात्रा विद्यार्थीहरुको मनोभावनामा चोट पर्न गइ उनीहरुलाई निरुत्साहित गरेको देखिन्छ । पाठ्यपुस्तकमा समावेश यस्ता किसिमका भाषिक शब्दावलीले अन्धविश्वासमा जगडिएको पितृसत्तात्मक समाजलाई पश्रय दिइ महिलाहरुलाई अन्याय भएको कुरा प्रस्ट हुन जान्छ । भाषिक हिसावले पाठ्यपुस्तकमा यस्ता कुराहरु उल्लेख गर्नु लैङ्गिक दृष्टिकोणबाट सरासर विभेदपूर्ण रहेका छन् ।

उल्लेखित सन्दर्भमा शिक्षकहरु र स्रोतव्यक्तिले यी पाठहरुमा प्रयोग गरिएको भाषाले महिलाहरुको अपमान भएको तथा उनीहरु माथि अन्याय भएको प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा समावेश यस्ता भाषिक शब्दावलीले पुरातनवादी पितृसत्तात्मक सोचलाई बढावा दिएको र पुरुषहरुले महिलाहरु माथि दमन गरेको धारणा व्यक्त गरेका छन् । उहाँहरुका अनुसार पनि यी पाठहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट विभेदपूर्ण रहेको स्पष्ट हुन्छ । विद्यार्थीहरुले पनि महिलाहरुमाथि असमान व्यवहार गरिएको धारणा राखेका थिए ।

सबैका विचारहरुलाई विश्लेषण गर्दा महिलाहरुमाथि घोर अन्याय भएको र रुढिवादी पितृसत्तात्मक चिन्तनबाट ग्रसित समाजमा महिलाहरुको आत्मसम्मानमा चोट पर्नुका साथै उनीहरुलाई पछाडि पार्न खोजेको भन्ने अर्थ लाग्न जान्छ । यस्ता किसिमका अभिव्यक्तिले उक्त पाठमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट विभेदपूर्ण रहेको प्रस्ट हुन जान्छ ।

**घ) अभ्यास**

यस एकाइमा समावेश गरिएका अभ्यासहरुमा दिइएका क्रियाकलापमा लैङ्गिक हिसावबाट समान र असमान दुवै क्रियाकलापहरु समावेश गरिएको पाइन्छ । कक्षा ८ को पेज नं. ५१ मा सामाजिक समस्या पाठमा दिइएको अभ्यासमा समावेश क्रियाकलापले लैङ्गिक समानतालाई प्रतिबिम्बित गरेको छ भने कक्षा ६ को पेज नं. ४९ मा सामाजिक समस्याका लक्षणहरु, कक्षा ६ को पेज नं. ५१ मा सामाजिक समस्या र विकृति, कक्षा ७ को पेज नं. ४९ मा सामाजिक विकृतिबाट बच्ने उपाय, पाठमा दिइएका अभ्यासहरुमा समावेश क्रियाकलापले लैङ्गिक असमानता भएको कुरालाई प्रस्ट्याएका छन् ।

कक्षा ८ को पेज नं. ५१ मा सामाजिक समस्या पाठको अभ्यासमा “महिला तथा पुरुष एक रथका दुई पाङ्ग्रा हुन्” भन्ने भनाईलाई प्रस्ट पार्न एउटा कथा लेखेर कक्षामा प्रस्तुत गर्ने क्रियाकलाप

समावेश गरिएको छ । यस क्रियाकलापले महिला र पुरुषलाई समान रुपमा लिएको छ । उक्त अभिव्यक्तिबाट देश र समाजको विकासमा महिला र पुरुषको समान योगदान रहने तथा महिला र पुरुष एक्लैले एक अर्काको सहयोग विना काम गर्न नसक्ने कुरालाई प्रस्ट पारेको छ । यसरी भन्न सकिन्छ कि उक्त क्रियाकलापमा लैङ्गिक दृष्टिकोणबाट महिला र पुरुषलाई समान रुपमा लिइएको पाइन्छ ।

उल्लेखित क्रियाकलापका सन्दर्भमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले महिला र पुरुषलाई समान रुपमा लिइएको तथा समाजको विकासमा उनीहरुको बराबर जिम्मेवारी रहेको र हरेक कार्य गर्न एक अर्काको सहयोग आवश्यक पर्ने धारणा राखेका थिए । जसले लैङ्गिक समानता भएको कुरालाई देखाउँछ । यसरी उपर्युक्त क्रियाकलापका सन्दर्भमा सबैका विचारहरुलाई विश्लेषण गर्दा महिला र पुरुषलाई समान रुपमा लिइएकोले लैङ्गिक विभेद नरहेको पाइन्छ ।

यसै एकाइको कक्षा ६ को पेज नं ४९ मा सामाजिक समस्याका लक्षणहरु, कक्षा ६ को पेज नं. ५१ मा सामाजिक समस्या र विकृति, कक्षा ७ को पेज नं. ४९ मा सामाजिक विकृतिबाट बच्ने उपाय पाठमा समावेश अभ्यासमा चेलिवेटी बेचविखन, रक्सी सेवन गरी महिलामाथि कुटपिट भएको, दाइजोप्रथा जस्ता क्रियाकलापहरु दिएका छन् । यस्ता किसिमका क्रियाकलापले महिलाहरु प्रति पशु सरह व्यवहार गरिएको अर्थात दाइजो प्रथाले गर्दा महिलाहरुलाई किनबेचको रुपमा लिइएको कुरा प्रस्ट हुन्छ । पुरुषले रक्सी सेवन गरी महिलाहरुलाई कुटपिट गर्नु महिलाहरु प्रति अन्याय भएको तथा महिलाहरुलाई नराम्रो दृष्टिकोणले हेरिएको भन्ने भान पर्न जान्छ । यस्ता किसिमका क्रियाकलापले लैङ्गिक असमानता भएको कुरालाई प्रस्ट पार्दछन् ।

उल्लेखित क्रियाकलापमा छोरीहरुलाई धेरै पढाएमा दाइजो दिनुपर्ने तथा छोरीहरुलाई शिक्षा लिनबाट बन्चित गरिएको जस्तो भाव देखिन्छ भन्ने शिक्षकहरुको प्रतिक्रिया रहेको पाइन्छ । स्रोतव्यक्तिका अनुसार महिलाहरुमाथि दुर्व्यवहार भएको र उनीहरुलाई वस्तु सरह किनबेच गरिनुले अन्याय भएको धारणा व्यक्त गरे । विद्यार्थीहरुको समूह छलफलबाट महिलाहरुलाई नराम्रो दृष्टिकोणले हेरेको भन्ने धारणा पाइयो । यसरी उल्लेखित क्रियाकलापका सम्बन्धमा सबैका विचारहरुबाट लैङ्गिक दृष्टिकोणमा महिलाहरु प्रति विभेद भएको कुरा प्रस्ट हुन जान्छ ।

### ४.१.५ नागरिक दायित्व

निम्न माध्यमिक तहको नागरिक दायित्व एकाइमा नागरिकको परिचय, नागरिकता प्राप्त गर्ने प्रक्रिया, नागरिकका अधिकार र अधिकारको सुरक्षा, नागरिकका कर्तव्यहरु, नागरिकका गुणहरु, जन्मसिद्ध नागरिकता, अङ्गीकृत नागरिकता, नागरिक अधिकारको सदुपयोग, नागरिकको कर्तव्यपालन, बालअधिकार र कर्तव्य, बालअधिकारप्रति नागरिक दायित्व, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका जस्ता पाठशीर्षकहरु समावशे गरिएका छन् । यी पाठशीर्षकहरुमा उल्लेखित विषयवस्तु, चित्र, अभ्यास र भाषाले लैङ्गिक दृष्टिकोणमा के कस्ता समानता र असमानताहरु रहेका छन् अर्थात् महिला र पुरुषको भूमिकालाई कुन रुपमा उल्लेख गरेको छ भन्ने कुरालाई निम्नानुसार व्याख्या गरिएको छ :

### क) विषयवस्तु

नागरिक दायित्व एकाइमा समावेश पाठशीर्षकहरुमा नागरिक सचेतना जगाउने किसिमका विषयवस्तुहरु समावेश गरिएका छन् । जसमा नागरिकको परिचय, नागरिकता प्राप्त गर्ने प्रक्रिया, नागरिकका अधिकार र नागरिक अधिकारको सुरक्षा, नागरिकका कर्तव्य, नागरिकका गुणहरु, नागरिक अधिकारको सदुपयोग, बालअधिकार प्रति नागरिक दायित्व, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका जस्ता विषयवस्तुबारे चर्चा गरिएको छ । यस्ता किसिमका विषयवस्तुहरुले नागरिकहरुलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराएको पाइन्छ । यी पाठशीर्षकहरुमा समावेश विषयवस्तुमा महिला र पुरुषलाई समान रुपमा लिइएकोले लैङ्गिक असमानता नरहेको पाइन्छ ।

उल्लेखित विषयवस्तुमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा अनुसार लैङ्गिक असमानता नभएको समान प्रतिक्रिया पाइयो । यसरी यस एकाइमा समावेश विषयवस्तुलाई अध्ययन गर्दा तथा शिक्षकहरु र स्रोतव्यक्तिहरुबाट खुल्ला प्रश्नावलीको माध्यमबाट धारणा संकलन गर्दा लैङ्गिक समानता रहेको छ भन्न सकिन्छ ।

### ख) चित्र

यस एकाइका पाठशीर्षकहरुमा समावेश चित्रहरु लैङ्गिक दृष्टिकोणबाट समान देखिन्छन् । तर कक्षा ७ को पेज नं. ६० मा नागरिक अधिकारको सदुपयोग पाठमा दिइएको चित्रले महिलालाई बच्चा जन्माउने मेसिन तथा घरपरिवार र बच्चाको हेरचाह गर्ने प्रमुख दायित्व रहेको भन्ने कुरालाई बोध गराउँदछ । जहाँ पुरुषलाई गौण भूमिकाको रुपमा लिइएको होकि भन्ने आशंका व्यक्त गर्न सकिन्छ । जसले पुरुषहरु घुमिखाने र महिलाले घरपरिवार तथा बच्चाहरुको जिम्मेवारी लिने हो कि भन्ने आसय व्यक्त गर्छ । यसर्थ उक्त दृश्यमा लैडगिक असमानता रहेको छ भन्न सकिन्छ । (अनुसूची ७)

उक्त चित्रमा बच्चाको लालनपालन, हुर्काउने आदि सम्पूर्ण जिम्मेवारी महिलाको नै हो भन्ने पुरुषवादी चिन्तन हो भन्ने स्रोतव्यक्तिको धारणा रहेको छ । शिक्षकहरुबाट चित्रले समाजमा अझै पनि असमानता रहेको कुरालाई प्रस्ट पारेको छ । विद्यार्थीहरुको समूहमाथि छलफल गराउँदा आमालाई बोझ भएको कुरा भेटियो । यसरी सबै खाले प्रतिक्रियालाई समालोचनात्मक तरिकाले विश्लेषण गर्दा उक्त चित्रमा लैङ्गिक विभेद भएको कुरा प्रस्ट भएको देखिन्छ ।

### ग) भाषा

भाषिक दृष्टिकोणबाट यस एकाइमा समावेश अन्य पाठहरुमा लैडगिक समानता भए पनि कक्षा ६ को पेज नं. ५८ मा नागरिकता प्राप्त गर्ने प्रक्रिया र कक्षा ७ को पेज नं. ५६ मा जन्मसिद्ध नागरिकता पाठमा “जन्मसिद्ध नागरिकता” भन्ने भाषिक शब्दावली प्रयोग गरिएको पाइन्छ । जसको अर्थ आफ्नो जन्म वा वंशजको आधारमा प्राप्त गर्ने नागरिकता हुन जान्छ । नेपाली परम्परामा वंशज भन्नाले

वंशजबाट प्राप्त गर्ने नागरिकताको रुपमा परिभाषित गरिएको छ । जबकि नेपालको अन्तरिम संविधान २०६३ अनुसार आमाको नामबाट पनि नागरिकता पाउने संवैधानिक व्यवस्था छ । नेपाली परम्परामा वंशज भन्नाले बुबाको तर्फबाट वंश बुझाउने व्यवस्था छ । पाठयपुस्तकमा बुबा र आमालाई बराबर भूमिकाको रुपमा अगाडि सानुपर्ने आवश्यकता देखिन्छ । शिक्षकहरुका अनुसार उक्त शब्दले पुरुष सत्तालाई मात्र केन्द्रित गरेर शब्दको अर्थ लगाएको हुँदा त्यो शाब्दिक अर्थ विभेदकारी भएको प्रतिक्रिया दिएका थिए । स्रोतव्यक्तिको धारणामा वंशज भन्नासाथ पुरुषलाई मात्र जोड दिइएको र महिलालाई पक्षपात गरेको प्रतिक्रिया पाइयो । यसरी यस भाषिक शब्दावलीले लैङ्गिक असमानता भएको प्रस्ट हुन जान्छ ।

### घ) अभ्यास

अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दै जाँदा नागरिक दायित्व एकाइका पाठशीर्षकहरुमा दिइएका अभ्यासहरुमा महिला र पुरुष बीच विभेद गर्ने क्रियाकलाप समावेश नभएको देखिन्छ । उल्लेखित पाठशीर्षकहरुमा समावेश अभ्यासहरुमा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले पनि लैङ्गिक दृष्टिकोणमा महिला र पुरुष बीच असमानता नभएको प्रतिक्रिया दिएका छन् । यसरी सबैका विचारहरुलाई विश्लेषण गर्दा एस एकाइमा समावेश अभ्यासहरुमा लैङ्गिक समानता भएको पाइन्छ ।

## ४.२ लैङ्गिक समानता र असमानता भएका पाठहरु

प्रस्तुत अध्ययन कार्यमा अनुसन्धानकर्ताले नि.मा. तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा उल्लेख भएका पाठहरु मध्ये अध्ययनका लागि छनोट भएका पाठहरुमा उल्लेखित चित्र, अभ्यास, भाषा र विषयवस्तुहरु प्रति नमूना छनोटमा परेका शिक्षकहरु, विद्यार्थीहरु, स्रोतव्यक्ति र अनुसन्धानकर्ताको धारणाबाट लैङ्गिक दृष्टिकोणमा समान तथा असमान पाठहरुलाई निम्न तालिकाबाट प्रस्ट पारिएको छ ।

**तालिका नं. ४.१**

**लैङ्गिक दृष्टिकोणमा सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा समावेश समान तथा असमान पाठहरु**

| क्र.सं. | पाठ शीर्षक | लैङ्गिक समानता भएका पाठहरु | लैङ्गिक असमानता भएका पाठहरु |
|---|---|---|---|
| १ | हामी, हाम्रो समुदाय र राष्ट्र | समुदायको परिचय, गाउँ विकास समितिको परिचय र गठन, नगरपालिकाको परिचय र गठन, सामुदायिक सेवाको परिचय, गाउँ विकास समिति र नगरपालिकाका विकास कार्यहरु, जि.वि.स. को गठन, जिल्लाका विकास कार्यहरु, हाम्रा विकास क्षेत्रहरु, विकासक्षेत्रको आवश्यकता र महत्व, विकास क्षेत्रमा विकासका कार्यहरु, क्षेत्रीय विकासका कार्यहरुमा जनसहभागिता | जिल्लाको परिचय, अञ्चलको परिचय, जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार |
| २ | हाम्रा विकासका पूर्वाधारहरु | स्वास्थ्य, यातायात, संचार, विकासका लागि जनशक्ति | शिक्षा, खानेपानी, विद्युत |
| ३ | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | सामाजिक सद्भावना, राष्ट्र, राष्ट्रिय गौरव, राष्ट्रिय गान र राष्ट्रिय झण्डा, मान्यजनप्रति शिष्टाचार, प्रजातान्त्रिक व्यवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व, सामाजिक परम्परा, राष्ट्रिय सम्पदाको परिचय र संरक्षण | सामाजिक समानता, हाम्रा चाडपर्वहरु, राष्ट्रिय व्यक्तित्वहरु, जातजाति, भाषा र संस्कृति, धार्मिक परम्परा र चाडपर्वहरु, राष्ट्र र राष्ट्रियता, सामाजिक संघसंस्थाहरु |
| ४ | समाज, सामाजिक समस्या र विकृति | समाजको उत्पत्ति र विकास, सामाजिक समस्या निराकरणका उपायहरु, हाम्रो समाज र सामाजिक जीवन, सामाजिक अन्तरसम्बन्ध, सामाजिक विकृति हुन नदिन व्यक्ति, परिवार र विद्यालयको भूमिका, सामाजिक विकृतिबाट बचाउन स्थानीय निकायको भूमिका | सामाजिक समस्याका लक्षणहरु, सामाजिक समस्या र विकृति, सामाजिक समस्याका कारणहरु, सामाजिक विकृतिबाट बच्ने उपाय, सामाजिक प्रचलन, सामाजिक असमानता, सामाजिक समस्या |
| ५ | नागरिक दायित्व | नागरिकको परिचय र अधिकार, नागरिक अधिकारको सुरक्षा, नागरिकका कर्तव्यहरु, नागरिकका गुणहरु, अङ्गीकृत नागरिकता, बालअधिकार र कर्तव्य, बालअधिकारप्रति नागरिक दायित्व, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका | नागरिकता प्राप्त गर्ने प्रक्रिया, जन्मसिद्ध नागरिकता, नागरिक अधिकारको सदुपयोग |

## ४.३ पाठ्यपुस्तकमा रहेका लैङ्गिक असमानता हटाउने उपायहरु

प्रस्तुत अध्ययन कार्यमा सूचना संकलनको लागि नमूना छनोटमा परेका शिक्षकहरु, विद्यार्थीहरु र स्रोतव्यक्तिले पाठ्यपुस्तकमा रहेका लैङ्गिक असमानता हटाउन व्यक्त गरेका प्रतिक्रियाहरुलाई निम्नलिखित बुँदामा प्रस्ट पारिएको छ :

- महिला र पुरुष बिच विभेद गर्ने खालका विषयवस्तुहरु पाठ्यक्रम तथा पाठ्यपुस्तकबाट हटाइनुपर्दछ ।
- पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुलाई लैङ्गिक समानताको दृष्टिकोणबाट समावेश गरिनुपर्दछ ।
- सामाजिक विभेद अन्त्य गर्ने खालका विषयवस्तुहरु पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ ।
- पाठ्यपुस्तकमा समावेश चित्र, भाषा, अभ्यास, विषयवस्तु, उदाहरण आदिमा लैङ्गिक समानता कायम गरिनुपर्दछ ।
- पाठ्यपुस्तक निर्माण तथा लेखन कार्यमा महिला विज्ञहरुको उचित प्रतिनिधित्व गराइनुपर्दछ ।
- शिक्षकले शिक्षण कार्य गर्दा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश भएका लैङ्गिक विषयवस्तुलाई समानताका दृष्टिले प्रयोग गरी व्यवहारमा उतार्नुपर्दछ ।
- नेपाल सरकारबाट पाठ्यपुस्तकमा समावेश भएका लैङ्गिक विभेदहरु हटाउन विभिन्न कार्यक्रमहरु अगाडि सारी कार्यान्वयन गरिनुपर्दछ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययन लैङ्गिक दृष्टिकोणबाट निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा दिइएका चित्र, अभ्यास, विषयवस्तु र भाषामा रहेका लैङ्गिक पक्षहरुसँग सम्बन्धित रहेको छ । अनुसन्धान कार्य संचालन गर्ने क्रममा यस विषयसँग सरोकार राख्ने सरोकारवालाहरु शिक्षक, विद्यार्थी र स्रोतव्यक्ति समक्ष अनुसन्धानकर्ताले खुल्ला प्रश्नावली र लक्षित समूह छलफल निर्देशिका सूची निर्माण गरी नमूना छनोटमा परेका शिक्षकहरु र स्रोतव्यक्तिलाई खुल्ला प्रश्नावली वितरण गरी उनीहरुको धारणा संकलन गरिएको थियो भने लक्षित समूह छलफल निर्देशिका सूचीको माध्यमबाट नमूना छनोटमा परेका विद्यार्थीहरुको दुईवटा समूह निर्माण गरी समूह छलफल संचालन गराइएको थियो र स्वयं अनुसन्धानकर्ताबाट आफै पाठ्यपुस्तकको अध्ययन गरी सूचना संकलन गरिएको थियो । प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गरी अध्ययनबाट प्राप्त प्रमुख तथ्यहरु निम्नानुसार छन् :

## ५.१ प्राप्ति

यस अध्ययनबाट विभिन्न स्रोत तथा जानकारीको आधारमा निम्नलिखित तथ्यहरु प्राप्तिको रुपमा रहेका छन् ।

- निम्न माध्यमिक तहको हामी, हाम्रो समुदाय र राष्ट्र एकाइका पाठशीर्षकहरुमा समावेश विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट समान भए पनि कक्षा ७ को पेज नं. २ मा जिल्लाको परिचय र कक्षा ७ को पेज नं ४ मा अञ्चलको परिचय पाठमा समावेश विषयवस्तुलाई मैले स्वयं पाठ्यपुस्तक अध्ययन गरी, शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरुबाट आएको प्रतिक्रिया अनुसार छात्रलाई मात्र छलफलमा सहभागी गराउनुले छात्रहरुलाई उत्साहित गरेको छात्राहरुलाई निरुत्साहित गरेको भन्ने बुझिन्छ । यसकारण लैङ्गिक विभेद नै छ भन्ने कुरा प्रस्ट हुन्छ ।
- एकाइ एकका विभिन्न पाठहरुमा विकास निर्माणका कार्यहरु, वृक्षारोपण र बाटो खन्दै गरेको चित्रमा अनुसन्धानकर्ता, शिक्षक र विद्यार्थीको धारणाबाट लैङ्गिक विभेद नरहेको प्रस्ट हुन जान्छ भने स्रोतव्यक्तिले महिलालाई शारीरिक रुपमा कमजोर देखाइएकोले लैङ्गिक रुपमा कार्यविधिमा असमानता रहेको भन्ने कुरा प्रस्ट हुन्छ । कक्षा ७ को पेज नं. ८ मा जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार भन्ने पाठको चित्रमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको समूह माथि छलफल गराउँदा लैङ्गिक विभेद छ भन्ने कुरा स्पष्ट भएको थियो ।
- हामी, हाम्रो समुदाय र राष्ट्र एकाइका पाठशीर्षकहरुमा समावेश अभ्यासहरुमा दिइएका क्रियाकलापहरु अनुसन्धानकर्ताको रुपमा पाठ्यपुस्तक अध्ययन गर्दा, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा लिदा लैङ्गिक रुपमा समानता नै रहेको कुरा प्रस्ट हुन्छ ।
- एकाइ १ का विभिन्न पाठहरुमा प्रयोग गरिएको भाषालाई मैले स्वयं पाठ्यपुस्तक अध्ययन गर्दा, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणाबाट लैङ्गिक रुपमा समानता भएको प्रस्ट हुन्छ ।

- हाम्रा विकासका पूर्वाधारहरु एकाइमा समावेश गरिएका पाठशीर्षकहरुमा दिइएको विषयवस्तुमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको समूह माथि छलफल गराउँदा लैङ्गिक दृष्टिकोणबाट विभेद नभएको कुरा स्पष्ट भएको छ ।
- एकाइ २ कक्षा ७ को पेज नं. १४ शिक्षा पाठमा समावेश चित्रमा देखिए अनुसार अनुसन्धानकर्ताको रुपमा पाठ्यपुस्तक अध्ययन गर्दा, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा लिदा लैङ्गिक रुपमा समानता नै रहेको भन्ने कुरा प्रस्ट हुन्छ । एकाइ २ कै कक्षा ८ को पेज नं. २४ खानेपानी पाठको चित्रमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको समुहमाथि छलफल गराउँदा लैङ्गिक विभेद भएको छ भन्ने कुरा स्पष्ट भएको थियो ।
- हाम्रा विकासका पूर्वाधारहरु एकाइका पाठशीर्षकहरुमा समावेश अभ्यासहरुमा दिइएका क्रियाकलापहरु विभिन्न कोणबाट आएका प्रतिक्रियालाई संयोजन गर्दा लैङ्गिक रुपमा समान देखिन्छन् तर कक्षा ६ को पेज नं. २३ मा विद्युत पाठको अभ्यासमा समावेश क्रियाकलापमा सबै व्यक्तिहरुको प्रतिक्रिया अनुसार छात्रहरुलाई मात्र संवादमा सहभागी गराउनुले लैङ्गिक विभेद भएको प्रस्ट हुन्छ ।
- एकाइ २ का विभिन्न पाठशीर्षकहरुमा प्रयोग गरिएको भाषा तथ्याङ्क संकलनका लागि छनोट गरिएका व्यक्ति र स्वयं मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक रुपमा समान देखिन्छ । तर कक्षा ७ को पेज नं. १४ मा शिक्षा पाठको महिला र पुरुषको गाउँलाई लिएर गरिएको भाषिक क्रियाकलापमा अनुसन्धानकर्ता, शिक्षकहरु र स्रोतव्यक्तिको विचारबाट केहि हदसम्म भए पनि लैङ्गिक विभेद भएको प्रस्ट हुन्छ ।
- हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइका पाठशीर्षकहरुमा समावेश विषयवस्तुलाई अनुसन्धानकर्ताको रुपमा पाठ्यपुस्तक अध्ययन गर्दा कक्षा ७ को पेज नं. २८-३० मा जातजाति, भाषा र संस्कृति, धार्मिक परम्परा र चाडपर्वहरु पाठमा समावेश विषयवस्तु शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको समूह छलफल गराउँदा लैङ्गिक विभेद छ भन्ने कुरा स्पष्ट भएको थियो ।
- एकाइ ३ मा समावेश चित्रहरुलाई अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दा लैङ्गिक समानता र विभेद दुवै रहेको पाइन्छ । कक्षा ७ को पेज नं. ३२ राष्ट्र र राष्ट्रियता पाठमा समावेश चित्रमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणा लिदा महिलाका आवाजलाई संचारमा अभिव्यक्त गर्ने अवसर प्रदान गर्नुले लैङ्गिक समानता तथा सशक्तिकरणलाई प्रस्ट पारेको छ । कक्षा ७ को पेज नं. ३९ मा सामाजिक संघसंस्थाहरु भन्ने पाठको चित्रमा महिलालाई आश्रम तथा तालिम केन्द्र स्थापना गरेको देखाउनु सशक्तिकरणको प्रयास हो । तर उक्त केन्द्रले महिलालाई असुरक्षित छ भन्ने जनाउ मिलेको प्रतिक्रिया स्रोतव्यक्तिबाट पाइयो । अतः उक्त चित्रमा लैङ्गिक समानता र विभेद दुवै छ भन्न सकिन्छ ।

- हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइका पाठशीर्षकहरु जातजाति, भाषा र संस्कृति, धार्मिक परम्परा र चाडपर्वहरु पाठमा प्रयोग गरिएको भाषा विभिन्न कोणबाट आएको प्रतिक्रियालाई संयोजन गर्दै जाँदा लैङ्गिक विभेद नै हो भन्ने कुरा पाइएको छ ।
- एकाइ ३ का पाठशीर्षकहरुमा समावेश अभ्यासहरु कक्षा ६ को पेज नं. २९, ३५ र ४१ मा क्रमशः सामाजिक समानता, हाम्रा चाडपर्वहरु र राष्ट्रिय व्यक्तित्वहरु पाठमा दिइएका क्रियाकलापहरु अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीबाट आएको विचारलाई संयोजन गर्दा लैङ्गिक असमानता भएको प्रस्ट हुन्छ ।
- समाज, सामाजिक समस्या र विकृतिहरु एकाइका पाठशीर्षकमा समावेश विषयवस्तुलाई अनुसन्धानकर्ताको रुपमा पाठ्यपुस्तक अध्ययन गर्दा कक्षा ८ को पेज नं. ४६-५० मा सामाजिक प्रचलन, सामाजिक असमानता, सामाजिक समस्या र कक्षा ७ को पेज नं. ४६ मा सामाजिक समस्याका कारणहरु पाठमा समावेश विषयवस्तु शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीबाट प्राप्त धारणा अनुसार महिलाहरुमाथि अन्यायपूर्ण व्यवहार गरिएकोले लैङ्गिक दृष्टिकोणमा एकदमै विभेदपूर्ण रहेको कुरा प्रस्ट हुन्छ ।
- एकाइ ४ का पाठशीर्षकहरुमा दिइएका चित्रहरुलाई अनुसन्धानकर्ताको रुपमा अध्ययन गर्दा लैङ्गिक समानता र विभेद दुवै भएको देखिन्छ । कक्षा ७ को पेज नं. ४८ मा सामाजिक विकृतिबाट बच्ने उपाय पाठमा समावेश चित्रमा सबै क्षेत्रबाट आएको प्रतिक्रियालाई संयोजन गर्दा लैङ्गिक विभेद नरहेको भन्ने कुरा प्रस्ट हुन जान्छ । कक्षा ७ को पेज नं. ५० मा सामाजिक विकृति हुन नदिन व्यक्ति, विद्यालय र परिवारको भूमिका पाठमा समावेश चित्रमा महिला र पुरुषको बराबर भूमिका रहेको कुरा शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुको धारणाबाट खुल्न गएको छ । कक्षा ७ को पेज नं. ४६ मा सामाजिक समस्याका कारणहरु भन्ने पाठमा दिएको चित्रमा सबै ठाउँबाट आएको प्रतिक्रियालाई हेर्दा लैङ्गिक विभेद नै हो भन्ने कुरा प्रस्ट पारेको छ । कक्षा ८ को पेज नं. ५२ मा सामाजिक विकृति पाठमा चित्रमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले पुरुषले महिलाहरुप्रति हिंसात्मक व्यवहार गरेको देखिएकोले लैङ्गिक विभेद भएको प्रस्ट हुन जान्छ ।
- समाज, सामाजिक समस्या र विकृति एकाइमा उल्लेखित पाठशीर्षकहरु सामाजिक समस्याका लक्षणहरु (कक्षा ७ को पेज नं ४६), सामाजिक प्रचलन, सामाजिक असमानता र सामाजिक समस्या (कक्षा ८ को पेज नं. ४६-५२) पाठमा प्रयोग गरिएको भाषामा सबै ठाउँबाट आएको प्रतिक्रियालाई संयोजन गर्दा लैङ्गिक विभेद नै हो भन्ने कुरा प्रस्ट पारेको छ ।
- एकाइ ४ मा समावेश अभ्यासमा दिइएका क्रियाकलापहरुलाई अध्ययन गर्दा लैङ्गिक समानता र विभेद दुवै भएको देखिन्छ । कक्षा ८ को पेज नं ५१ मा सामाजिक समस्या पाठमा दिइएको अभ्यासमा समावेश क्रियाकलापमा अनुसन्धानकर्ता, शिक्षक, स्रोतव्यक्ति र विद्यार्थीहरुले महिला र पुरुषलाई समान रुपमा लिएकोले विभेद नभएको कुरा प्रस्ट हुन्छ । सामाजिक समस्याका

लक्षणहरु (कक्षा ६ का पेज नं ४८), सामाजिक विकृतिबाट बच्ने उपाय (कक्षा ७ को पेज नं. ४८) पाठमा दिइएका अभ्यासमा समावेश क्रियाकलापमा सबै व्यक्तिबाट आएको प्रतिक्रिया अनुसार लैङ्गिक विभेद भएको प्रस्ट हुन जान्छ ।

- नागरिक दायित्व एकाइका पाठशीर्षकहरुमा समावेश विषयवस्तुमा अनुसन्धानकर्ता, शिक्षकहरु, स्रोतव्यक्ति र विद्यार्थीहरुले लैङ्गिक रुपमा विभेद नभएको कुरा प्रस्ट पारेका छन् ।
- कक्षा ७ को पेज नं. ६० मा नागरिक अधिकारको सदुपयोग भन्ने पाठको चित्रमा नारीको स्थान प्रति सूचना संकलनको लागि छनोट भएका सम्पूर्ण व्यक्तिहरुबाट लैङ्गिक विभेद नै हो भन्ने कुरा प्रस्ट पारेका छन् ।
- एकाइ ५ मा समावेश गरिएका पाठशीर्षकहरु कक्षा ६ को पेज नं. ५८ मा नागरिकता प्राप्त गर्ने प्रक्रिया पाठमा "जन्मसिद्ध नागरिकता" भन्ने भाषिक शब्दावलीलाई अनुसन्धानकर्ता, शिक्षकहरु र स्रोतव्यक्तिले लैङ्गिक रुपमा विरोधी शब्दको रुपमा परिभाषित गरेको प्रस्ट हुन्छ ।
- नागरिक दायित्व एकाइका पाठशीर्षकहरुमा समावेश अभ्यासमा दिइएका क्रियाकलापहरु सूचना संकलनका लागि छनोट गरिएका व्यक्तिहरु र स्वयं मेरो दस्तावेज अध्ययनबाट लैङ्गिक रुपमा समान देखिन्छन् ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययन लैङ्गिक दृष्टिकोणबाट निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा उल्लेख गरिएका विषयवस्तु, चित्र, भाषा र अभ्यासप्रति नमूना छनोटमा परेका शिक्षकहरु, स्रोतव्यक्ति, विद्यार्थी र अनुसन्धानकर्ता स्वयंले पाठ्यपुस्तकको अध्ययन गरी तथ्याङ्क संकलन गरिएको थियो । अध्ययनको उद्देश्य अनुसार लैङ्गिक दृष्टिकोणमा शिक्षकहरु र स्रोतव्यक्तिको पाठ्यपुस्तक प्रतिको धारणा पत्ता लगाउन खुल्ला प्रश्नावली निर्माण गरी उनीहरुको धारणा संकलन गरिएको थियो भने विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका निर्माण गरी लक्षित समूह छलफल गराएर पाठ्यपुस्तकमा समावेश गरिएका लैङ्गिक सन्तुलन सम्बन्धी उनीहरुको धारणा संकलन गरिएको थियो । उपयुक्त कार्यबाट प्राप्त धारणा अनुसार पाठ्यपुस्तकमा उल्लेख गरिएका अधिकांश पाठमा समावेश विषयवस्तुहरु र चित्रहरुमा महिला र पुरुषको व्यवहारलाई समान रुपमा प्रस्तुत गरिएको छैन । त्यसैगरी पाठ्यपुस्तकमा उल्लेख गरिएको विषयवस्तुको भाषा र अभ्यासहरुमा समावेश क्रियाकलापहरु पनि लैङ्गिक रुपमा असमान रहेका छन् । तसर्थ निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा उल्लेख भएका अभ्यास, चित्र, भाषा र विषयवस्तुलाई लैङ्गिक दृष्टिकोणबाट हेर्दा असमानता रहेको तथ्यलाई निष्कर्षको रुपमा प्रस्तुत गर्न सकिन्छ ।

## ५.३ सुझावहरु

कुनै पनि अध्ययन अनुसन्धान पश्चात अध्ययनको क्रममा देखिएका विभिन्न पक्षहरुलाई सुधार गर्नको निम्ति सुझावहरु प्रस्तुत गर्नुपर्ने हुन्छ । प्रस्तुत गरिएका सुझावहरुले पछि अध्ययन अनुसन्धान गर्ने सम्बन्धित पक्षलाई केही टेवा पुऱ्याउन सक्छ । तसर्थ यस अध्ययन कार्यको निष्कर्ष प्रस्तुत गरी निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा दिइएका लैङ्गिक सवालहरुलाई सम्बोधन गर्ने निम्नलिखित पक्षहरुमा सुधार गर्नका लागि सुझाव प्रस्तुत गरिएको छ :

- पाठ्यपुस्तकमा रहेका लैङ्गिक विभेद हटाउनका लागि नयाँ धारणा सोचाइ र अभ्यासको सिर्जना गर्नुपर्छ साथै पाठ्यक्रमलाई सिकारु केन्द्रित र समाज केन्द्रित बनाउनुपर्छ ।
- पाठ्यपुस्तकमा लैङ्गिक समानतामूलक विषयवस्तु, चित्र, भाषा, अभ्यास, बादविवादहरु समावेश गर्नुपर्दछ, जसबाट छात्रा जागरण र छात्रा शिक्षामा प्रोत्साहन होस् र लैङ्गिक विभेद शैक्षिक जगतबाटै निर्मूल होस् ।
- लैङ्गिक विभेद अन्त्य गर्नका लागि शिक्षक, विद्यार्थी र समुदाय बीच अन्तरक्रिया हुनुपर्छ र पाठ्यपुस्तकमा सामाजिक विभेद अन्त्य गर्ने खालका विषयवस्तुहरु समावेश गरी पाठ्यक्रम निर्माण प्रक्रियामा शिक्षक, विद्यार्थी र अभिभावकको भूमिकालाई सुनिश्चित गरिनुपर्दछ ।
- अहिले लागु भइ रहेका कार्यक्रममा परिवर्तन गरी समुदाय मार्फत सबैलाई सक्रिय गराइ समस्याको तहसम्म पुगेर कार्यक्रम संचालन गर्नु नितान्त आवश्यक रहेको छ ।
- नीतिअनुरुप कार्यक्रम कार्यान्वयन भए नभएको हेरि पृष्ठपोषणका आधारमा सुधारात्मक पक्षलाई अंगाली अगाडि बढ्नु पर्ने देखिन्छ ।
- महिलाहरुलाई विकासको मूल प्रवाहमा समाहित गरी सशक्तिकरण तथा लैङ्गिक समानताको अवधारणामा महिला विकास कार्यक्रमहरु अघि बढाउन राष्ट्रिय महिला आयोग गठन गरी सशक्त र प्रभावकारी तरिकाबाट अशिक्षित महिलाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याइनुपर्दछ ।
- नीतिगत तहदेखि कार्यान्वयन तहसम्म लैङ्गिक चेतना ल्याउन प्रचार प्रसार, शिक्षा र तालिमको संस्थागत व्यवस्था गरिनुपर्दछ ।
- महिलाहरुको शैक्षिक स्तरमा सुधार गर्नका लागि औपचारिक तथा अनौपचारिक शिक्षाको पहुँचमा अभिवृद्धि गर्न छात्रवृत्ति, महिला शिक्षक, प्राविधिक शिक्षामा विशेष सुविधाको व्यवस्था जस्ता नीति तथा कार्यक्रमहरु कायमै राखी कार्यक्रमहरुको विस्तार, पहुँच तथा प्रोत्साहनमा जोड दिइनुपर्दछ ।
- पाठ्यपुस्तकमा प्रस्तुत गरिएका विषयवस्तु तथा चित्रहरु, घरायसी काममा वा निर्णय गर्ने प्रक्रियाहरुमा संवाद गराउँदा त्यसका पात्रहरु, प्रस्तुत भएका विषयवस्तु एवं चित्रहरुमा लैङ्गिक

असमानता पाइएको खण्डमा शिक्षकले लैङ्गिक समानताप्रति सचेत भई सुधार गरी पढाउनुपर्दछ ।

- विद्यालयको कक्षाकोठाभित्र शिक्षण क्रियाकलाप गराउँदा होस् वा विद्यालय बाहिर अतिरिक्त क्रियाकलाप संचलान गर्दा शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकमा लैङ्गिक विषयवस्तुहरुलाई पूर्णतः समानताको दृष्टिले प्रयोग गरी व्यवहारमा उतार्नुपर्दछ । विशेषतः विद्यालय तहको पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगमा उपयुक्त सचेतनाहरु शिक्षकमा हुनु नितान्त आवश्यक रहेको छ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने कार्यमा महिला विज्ञहरुको उचित प्रतिनिधित्व भइदिएमा लैङ्गिक विभेदरहित पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण हुने देखिन्छ ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६६/०६७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* आशिष बुक्स हाउस प्रा.लि., बागबजार, काठमाडौं ।

आचार्य, ज्ञानमणि (२०५९), *सामाजिक अध्ययन,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

कुँवर, मिन बहादुर (२०६५), *कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक अवस्था,* स्नातकोत्तर तहको शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन, स्टुडेन्ट्स बुक, कीर्तिपुर ।

ढुङ्गाना, कृष्ण (२०६५), *लैङ्गिक समविकास शिक्षा,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

तामाङ, शेरा (२०५९), *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* हिमालय एशोसियसन, पाटनढोका, ललितपुर ।

थापा, रेणु (सन् २००७), *कक्षाकोठामा लैङ्गिक विभेद,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *निम्न माध्यमिक तहको पाठ्यक्रम, सामाजिक अध्ययन,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *हाम्रो सामाजिक अधययन, कक्षा* ६, नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *हाम्रो सामाजिक अधययन, कक्षा ७,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *हाम्रो सामाजिक अधययन, कक्षा ८,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, सानोठिमी, भक्तपुर ।

पाण्डे, रेणुका (२०६६), *लैङ्गिक समविकास शिक्षा,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

बलाएर, भोज बहादुर (२०६५), *शिक्षा जगतको पत्रिका,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

बराल, खगराज (२०६६), *लैङ्गिक समविकास शिक्षा,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

मिश्र, चैतन्य (२०५९), *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* हिमालय एसोसियसन, पाटनढोका, ललितपुर ।

योगी, चिन्तामणि (२०६५), *शिक्षा पत्रिका,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

राष्ट्रिय योजना आयोग (२०६४/०६५-२०६६/०६७), *त्रिवर्षीय आन्तरिम योजना ।*

*लैङ्गिक समविकास शिक्षा* (२०६६), वर्ष १०, अंक १०, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

वाग्ले, वृष (२०६३), *आजका नारी,* अंक ३३, वर्ष ३, मिडिया सोसाइटी, काठमाडौं ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६५), *शिक्षाका आधारहरु,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी, काठमाडौं ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ (पाँचौ संशोधन), सहिष्णु प्रकाशन, काठमाडौं ।

शिक्षा विभाग (२०६२), *महिला शिक्षा,* सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६३/०६४), *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरुको प्रतिवेदन,* सानोठिमी, भक्तपुर ।

Department of Education (2066), *School Level Educational Statistics of Nepal*, Sanothimi, Bhaktpur.

## अनुसूची १

### नमूना छनोटमा परेका विद्यालयहरुको नाम

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री कालिका निम्न माध्यमिक विद्यालय | काप्रिगाउँ, बझाङ्ग |
| २ | श्री चौधरी उच्च माध्यमिक विद्यालय | जुजी, बझाङ्ग |

## अनुसूची २

### नमूना छनोट गरिएका स्रोतव्यक्तिको नाम

| क्र.सं. | स्रोतव्यक्तिको नाम | कार्यरत संस्थाको नाम | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | गणेश प्रसाद मिश्र | जि.शि.का. बझाङ्ग | एम.एड. |

.

## अनुसूची ३

### नमूना छनोट गरिएका शिक्षकहरुको नाम

| क्र.सं. | शिक्षकको नाम | कार्यरत संस्थाको नाम | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मान ब. भण्डारी | कालिका नि.मा.वि. | आइ.ए. |
| २ | चन्द्र. ब. थापा | चौधरी उ.मा.वि. | वि.एड. |

# अनुसूची ४

## नमूना छनोट गरिएको विद्यार्थीहरुको नाम

**श्री कालिका नि.मा.वि.** (**समूह ‘ए’**)

| क्र.सं. | विद्यार्थीको नाम |
|---|---|
| १ | शेर बहादुर धामी |
| २ | जानकी जोशी |
| ३ | राम ब. बोहोरा |
| ४ | सुसिला भण्डारी |
| ५ | देवेन्द्र खाती |
| ६ | प्रमिला जोशी |

**श्री चौधरी उ.मा.वि.** (**समूह ‘बी’**)

| क्र.सं. | विद्यार्थीको नाम |
|---|---|
| १ | विमला जोशी |
| २ | उमेश ब. थापा |
| ३ | कविता वि.क. |
| ४ | वसन्तराज सोती |
| ५ | सरिता भण्डारी |
| ६ | बालाजी विष्ट |

## अनुसूची ५

## शिक्षक/स्रोतव्यक्तिका लागि खुल्ला प्रश्नावली

लैङ्गिक दृष्टिकोणमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयमा समावेश विषयवस्तु, भाषा, चित्र र अभ्यासमा रहेका लैङ्गिक समानता तथा असमानता सम्बन्धी शिक्षक र स्रोत व्यक्तिको धारणा संकलनका लागि खुल्ला प्रश्नावली

शिक्षक/स्रोत व्यक्तिको नाम :

शैक्षिक योग्यताः

कार्यरत विद्यालय/कार्यालयको नामः

अनुभव :

**<u>प्रश्नहरु</u>**

### एकाइ १, हामी, हाम्रो समुदाय र राष्ट्र

१. नि.मा. तहको सामाजिक अध्ययन विषयको हामी, हाम्रो समुदाय र राष्ट्र एकाइको पाठहरुमा दिइएको विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट समान वा असमान के छ ? समान छ भने कसरी र असमान छ भने कसरी ?

..........................................................................................................................

..........................................................................................................................

२. सोहि एकाइको उपशीर्षकहरुमा दिइएका चित्रहरुले महिला र पुरुषको भूमिकालाई कुन रुपमा प्रस्तुत गरेका छन् ? लैङ्गिक दृष्टिकोणबाट खुलस्त पारिदिनुहोला ?

..........................................................................................................................

..........................................................................................................................

३. एकाइ एक कै विभिन्न उपशीर्षकहरुमा समावेश गरिएका अभ्यासहरुमा के महिला र पुरुषलाई विभेद गर्ने क्रियाकलापहरु समावेश गरिएका छन् ? छन् भने कसरी ?

..........................................................................................................................

..........................................................................................................................

४. एकाइ १ मा समावेश गरिएका उपशीर्षकहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट समान वा असमान के छ ? प्रष्ट पारिदिनुहोला ?

..........................................................................................................................

..........................................................................................................................

५. एकाइ १ को विभिन्न उपशीर्षकहरुमा समावेश गरिएका विषयवस्तुमा छात्र र छात्रा विद्यार्थीहरुको भूमिकालाई समान वा असमान कुन रुपमा प्रस्तुत गरिएको पाउनु भएको छ ?

..........................................................................................................................

..........................................................................................................................

## एकाइ-२ हाम्रा विकासका पूर्वाधारहरु

६. हाम्रा विकासका पूर्वाधारहरु भन्ने एकाइमा समावेश गरिएका उपशीर्षकहरुमा प्रस्तुत गरिएको विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट समान वा असमान के छ ? खुलस्त पारिदिनुहोला ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

७. एकाइ २ अन्तर्गतकै विभिन्न उपशीर्षकहरुमा समावेश गरिएका चित्रहरु लैङ्गिक दृष्टिकोणले कति सान्दर्भिक छन् ? प्रष्ट पारिदिनुहोला् ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

८. एकाइ दुईमा समावेश गरिएका विभिन्न उपशीर्षकहरुमा दिइएका अभ्यासमा के लैङ्गिक दृष्टिकोणबाट असमानता ल्याउने क्रियाकलाप समावेश गरिएका छन् ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

९. एकाइ २ का विभिन्न उपशीर्षकहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट कति सान्दर्भिक छ ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

## एकाइ ३, हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता

१०. हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइमा समावेश गरिएका शीर्षकहरुमा प्रस्तुत विषयवस्तु लैङ्गिक दृष्टिकोणबाट कति सान्दर्भिक छ ? स्पष्ट गरिदिनुहोला ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

११. एकाइ ३ कै विभिन्न उपशीर्षकहरुमा दिइएका चित्रहरुले महिला र पुरुषलाई समान वा असमान कुन रुपमा प्रस्तुत गरेका छन् ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

१२. एकाइ तीनका विभिन्न उपशीर्षकहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट उचित वा अनुचित के छ ? उचित छ भने कसरी र अनुचित छ भने कसरी ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

१३. हाम्रो परम्परा, सामाजिक, मूल्य र मान्यता भन्ने एकाइमा समावेश गरिएका शीर्षकहरुमा दिइएका अभ्यासमा के महिला र पुरुष बिच असमानता ल्याउने क्रियाकलापहरु समावेश गरिएका छन् ? प्रष्ट पारिदिनुहोस् ?

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

## एकाइ ४, समाज, सामाजिक समस्या र विकृतिहरु

१४. समाज, सामाजिक समस्या र विकृति भन्ने एकाइमा समावेश गरिएका उपशीर्षकहरुमा प्रस्तुत विषयवस्तुमा महिला र पुरुषलाई कुन रुपमा प्रस्तुत गरिएको पाउनुहुन्छ ?

.........................................................................................................................

.........................................................................................................................

१५. सोहि एकाइको विभिन्न उपशीर्षकहरुमा समावेश गरिएका चित्रहरु लैङ्गिक दृष्टिकोणबाट कति सान्दर्भिक छन् ?

.........................................................................................................................

.........................................................................................................................

१६. एकाइ ४ मा समावेश गरिएका विभिन्न पाठहरुमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणबाट सान्दर्भिक वा असान्दर्भिक के छ ? प्रष्ट पारिदिनुहोला ?

.........................................................................................................................

.........................................................................................................................

१७. एकाइ ४ कै विभिन्न पाठरुमा दिइएका अभ्यासहरुमा के महिला र पुरुषलाई विभेद गर्ने कुराहरु समावेश गरिएका छन् ? छन् भने के के हुन् ?

.........................................................................................................................

.........................................................................................................................

## एकाइ ५, नागरिक दायित्व

१८. नागरिक दायित्व एकाइमा प्रस्तुत गरिएका उपशीर्षकहरुमा समावेश विषयवस्तुलाई लैङ्गिक दृष्टिकोणबाट प्रष्ट पारिदिनुहोला ?

.........................................................................................................................

.........................................................................................................................

१९. सोहि एकाइको विभिन्न उपशीर्षकहरुमा समावेश गरिएका चित्रहरुले महिला र पुरुषलाई कुन रुपमा प्रस्तुत गरेका छन् ? लैङ्गिक दृष्टिकोणबाट प्रष्ट पारिदिनुहोला ?

.........................................................................................................................

.........................................................................................................................

२०. समग्रमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन पाठयपुस्तकमा समावेश गरिएको विषयवस्तु, भाषा, चित्र र अभ्यासमा लैङ्गिक दृष्टिकोणबाट के कस्ता समानता तथा असमानता रहेका छन् ? प्रष्ट पारिदिनुहोला ?

.........................................................................................................................

.........................................................................................................................

२१. लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तकमा समावेश भएका कमी कमजोरी सुधार गर्न के गर्नुपर्ला ? आफ्नो सुझाव प्रस्तुत गरिदिनुहोला ?

.........................................................................................................................

.........................................................................................................................

## अनुसूची ६

## विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम:

ठेगाना:

विद्यार्थी संख्या:

कक्षा :

१. हामी, हाम्रो समुदाय र राष्ट्र एकाइका उपशीर्षकमा दिइएको विषयवस्तुमा महिला र पुरुष प्रतिको धारणा ।

२. एकाइ १ को उपशीर्षकहरुमा दिइएका चित्रहरुमा महिला र पुरुष बिचको समानता तथा असमानता ।

३. हामी, हाम्रो समुदाय र राष्ट्र एकाइको उपशीर्षकका अभ्यासहरुमा महिला र पुरुष बीच विभेद गर्ने क्रियाकलापहरु ।

४. एकाइ १ मा प्रयोग गरिएको भाषाले महिला र पुरुष बिच गरेको असमानता ।

५. विकासका पूर्वाधारहरु एकाइमा दिइएको विषयवस्तुले महिला र पुरुष बिच गरेका समानता र असमानता ।

६. एकाइ २ मा दिइएका चित्रहरु लैङ्गिक दृष्टिकोणबाट हेर्दा ।

७. लैङ्गिक दृष्टिकोणमा विकासका पूर्वाधारहरु एकाइमा प्रयोग गरिएको भाषा ।

८. एकाइ २ मा दिइएका अभ्यासमा महिला र पुरुष बीचको समानता तथा असमानता ।

९. लैङ्गिक हिसावमा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइमा दिइएको विषयवस्तुप्रतिको धारणा ।

१०. एकाइ ३ मा दिइएका चित्रहरुलाई लैङ्गिक दृष्टिकोणबाट हेर्दा ।

११. हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाइमा प्रयोग गरिएको भाषाले महिला र पुरुष बिच गरेको विभेद ।

१२. एकाइ ३ को अभ्यासहरुमा महिला र पुरुष बीच असमानता ल्याउने क्रियाकलाप ।

१३. लैङ्गिक दृष्टिकोणबाट समाज, सामाजिक समस्या र विकृति एकाइमा दिइएको विषयवस्तु ।

१४. एकाइ ४ मा दिइएका चित्रहरुमा लैङ्गिक दृष्टिकोणले छुट्याइएको भिन्नता ।

१५. लैङ्गिक हिसावमा समाज, सामाजिक समस्या र विकृति एकाइमा प्रयोग गरिएको भाषा ।

१६. लैङ्गिक दृष्टिकोणबाट नागरिक दायित्व एकाइमा दिइएको विषयवस्तु सम्बन्धी धारणा ।

१७. लैङ्गिक दृष्टिकोणबाट सामाजिक अध्ययन पाठ्यपुस्तकमा महिला र पुरुष बीचको समानता र असमानता ।


१८. पाठ्यपुस्तकमा समावेश लैङ्गिक असमानता हटाउन गर्नुपर्ने उपाय ।

अनुसूची ७


लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरिएका चित्रहरु



जिल्ला परिषद्को बैठक



कक्षामा पढाइरहेको




खानेपानी




धारामा पानी भर्दै गरेको




अन्तर्वार्ता लिइरहेको




भाषण दिइरहेको



पारिवारिक सहभागिता



दाइजो



लागु पदार्थ सेवा गर्दा हुने परिणाम



नारी